जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ४७, २०७५ साल चैत ८ गते शुक्रबार, नेपाल संवत् ११३९ (March 22, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## अजितले बढाए देशको सान



काठमाडौं । एथलेटिक्स क्षेत्रमा कमजोर देखिँदै आएको नेपालका अजितकुमार यादवले तेस्रो एसियाली युथ एथलेटिक्समा स्वर्ण पदक जितेर नेपालको सान बढाएका छन् । पिनाकल कलेजमा कक्षा १२ मा अध्ययन गर्दै रहेका १७ वर्षीय यादवले हङकङमा भएको ३ हजार मिटरको दौडमा भारत, जापान र यमनका धावकलाई पछि पार्दै स्वर्ण पदक जितेका थिए । उनले ८ मिनेट बाँकी ८ पेजमा

## क्षेत्रीय संघ गठन हुने

काठमाडौं । जर्मनीको विश्वविद्यालयबाट डक्टरेट र स्नातकोत्तर गरेका विश्वभरिको प्राज्ञहरुको हालै जर्मनीको बोनमा भएको तेस्रो विश्व सम्मेलनले हरेक देशमा राष्ट्रियस्तरको संघको अलावा बहुराष्ट्रिय क्षेत्रीय प्राज्ञिक संघ निर्माण गर्ने निर्णय गरेको जानकारीमा आएको छ। उक्त सम्मेलनमा नेपालबाट प्रतिनिधित्व गर्नु भई गत बिहीबार स्वदेश फर्कनु प्राज्ञ सुरेन्द्र ढकालले उक्त जानकारी गराउनुभएको हो । उक्त सम्मेलनमा ढकालले राख्नुभएको एसिया प्यासिफिक क्षेत्रीय प्राज्ञिक संघको प्रस्तावलाई बाँकी ८ पेजमा

# सरकार, विप्लव नेकपा आमनेसामने

काठमाडौं । नेपालको संविधानको धारा २७० ले कुनै पनि राजनीतिक दल र उसका गतिविधिमाथि प्रतिबन्ध नलाग्ने व्यवस्था गरेको छ। तर सरकारले गत फागुन २८ गते विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्धको घोषणा गरेर संविधानको मजाक मात्र उडाएको छैन मुलुकलाई नै द्वन्द्वको भड्खारोतर्फ धकेलिदिएको छ।

विप्लव समूहप्रति प्रधानमन्त्री केपी ओलीको उत्तेजक अभिव्यक्तिले त्यस समूहका नेता तथा कार्यकर्तालाई आक्रोशित बनाई प्रतिशोध र प्रतिकारमा उत्रन बाध्य बनाएको छ। एक राजनीतिक शक्तिलाई 'लुटेरा' समूहको संज्ञा दिँदै 'राज्यले नचिन्ने' भन्नु साथै ३५ दिनभित्र हतियार बुझाउन उर्दी जारी गर्नुले सरकार फासिवादतर्फ अघि बढेको विश्लेषण गरिएको छ । विप्लव समूह निर्वाचन आयोगमा दर्ता छैन भन्दैमा यसलाई दलको हैसियत नदिनु र विध्वंश मच्चाउने समूह देख्नु सत्ताको उन्मादी बहुलापन मात्र हो । जबकि सरकारद्वारा सोमप्रसाद पाण्डेको नेतृत्वमा गठित वार्ता समितिले विप्लव समूहलाई राजनीतिक शक्ति भनिसकेको छ।

सरकारले विप्लव समूहमाथि प्रतिबन्ध लगाउँदै त्यस समूहका नेता तथा कार्यकर्ताहरुलाई गिरफ्तार गर्न थालेको छ । सरकारले निषेधको राजनीति सुरु गरेपछि विप्लव समूहका नेता तथा कार्यकर्ताहरु पूर्णरुपमा भूमिगत भएका छन् । यो समूहले अब गाउँगाउँमा सत्तारुढ नेकपाका नेता



तथा कार्यकर्तामाथि प्रतिबन्ध लगाउन थालेको छ। यसले स्थानीय तहका जनप्रतिनिधिहरु आफूलाई असुरक्षित महसुस गर्न थालेका छन् । विप्लव समूहले माओवादी द्वन्द्वकालीन जनसत्तालाई देशैभर ब्यूँताउन थालेको छ । सरकारको समानान्तर 'जनसरकार' बनाएर चुनौती दिन थालेको छ। जनअदालतलाई पुनर्जीवित गरेर न्यायालयको विश्वसनीयतामाथि औंला ठड्याइरहेको छ । अर्को महत्वपूर्ण पक्ष राज्यलाई ललकार्दै विप्लव समूहले 'जनमुक्ति सेना' लाई गोलबन्द गर्दै युद्धको तयारी थालेको छ ।

अनमिनले अयोग्य प्रमाणित गरी शिविरबाट निकालेका चार हजार युवाहरु विप्लव समूहमा आबद्ध भएको अनुमान गरिएको छ । यद्यपि 'बहिर्गमित जनमुक्ति सेना' नेपाल शान्तिपूर्ण आन्दोलनमा रहेको त्यसको नेतृत्वले बताउँदै आएको छ । विप्लव समूहले भने प्रचण्ड र बाबुरामले जनमुक्ति सेनाको विघटन गरे पनि जनमुक्ति सेनाको विघटन नभएको, अयोग्य प्रमाणित गरिएका, आफ्नै खुसीले शिविर छाडेकालाई र स्वेच्छिक अवकाश लिएका जनमुक्ति सेनाका जवानहरुलाई लिएर जनमुक्ति सेना पुनर्गठन गरिएको जानकारी दिँदै आएको छ । विप्लव माओवादीसँग कति लडाकुहरु छन् सुरक्षा निकायहरुले अनुमान लगाउन सकेका छैनन् । लडाकुहरुसँग अत्याधुनिक हतियार एम-१६, एसएलआर र थ्रि नट थ्रि राइफल लगायत प्रशस्त मात्रामा विस्फोटक पदार्थ रहेको बताइन्छ। उनीहरुसँग सबभन्दा बढी साना हतियार पेस्तोल रहेको धेरैको अन्दाज छ। किनकि भारतीय हतियार तस्करहरुसँग त्यस्ता हतियारहरु सहजै खरिद गर्न सकिन्छ । विप्लव समूहले उद्योगी व्यापारीहरुसँग उठाएको चन्दाले हतियार खरिद गर्ने गरेको सुरक्षा निकायहरुको बुझाइ छ।

विप्लव समूहका कतिपय गतिविधिहरु अराजनीतिक पनि छन् । विभिन्न स्थानमा विस्फोटक पदार्थ पड्काएर सर्वसाधारण मारिएका छन् । तर विप्लव समूहका नेताहरु भने यस्ता घटनालाई 'कतिपय गल्ती भए होलान्' भनेर पन्छिने गरेका छन् । भनिन्छ प्रेम र युद्धमा जे पनि जायज हुन्छ । हिँसा र आतंकका छिटफुट घटनाबाहेक अमानवीय दुष्कार्य विप्लव नेकपाले गरिहालेको छैन । एनसेलको बाँकी ८ पेजमा

## कहिलेसम्म खप्ने भारतको थिचोमिचो

काठमाडौं । नेपाल-भारतबीच रहेको खुला सिमानाको फाइदा उठाउँदै भारतले नेपाली भूमि अतिक्रमण तीव्र बनाउँदै लगेको छ भने सीमा क्षेत्रमा बसोबार गर्ने नेपालीलाई ठूलो पीडा दिँदै आएको छ । भारतीय सीमा सुरक्षा बलको ज्यादतीले सीमा क्षेत्रका नेपाली आतंकित बनिरहेका छन्। कञ्चनपुर जिल्लाको दक्षिणी भेगमा पर्ने पुनर्वास नगरपालिका, बेलौरी नगरपालिका र बेलडाँडी गाउँपालिकाको भूभाग भारतीय सीमासँग जोडिएको छ । दुई वर्षअघि २०७३ साल फागुन २६ गते भारतीय सीमा सुरक्षा बल नेपाल पसेर आनन्द बजार नजिकै देशभक्त नेपाली गोविन्द गौतमको हत्या गरेको थियो । गोविन्द गौतमको हत्या प्रकरणमा नेपालले कुनै सशक्त ढंगको बाँकी ८ पेजमा

## मेडिकल कलेजको लुट अख्तियारको छुट

काठमाडौं । निजी मडिकल कलेजहरुले गैरकानुनी रुपले विद्यार्थीहरुसँग अर्बौं लुटेको समाचार राष्ट्रिय सञ्चार माध्यमहरुमा निरन्तर प्रकाशित भइरहँदा पनि अख्तियार आँखा चिम्लेर बसेको छ । राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार जस्ता निकायहरु आफैं भ्रष्ट मानिसहरुको अखडा भएका र भ्रष्टाचार र कमिसनको रकम खुलमुखुला असुल्ने भएकाले मेडिकल क्षेत्रका माफियाप्रति यस्ता निकायले आँखा चिम्लिरहेका छन्।

मेडिकल कलेजहरुले रसिद काटेर नियम अनुसार असुल्ने शुल्कभन्दा १०/२० लाख रुपैयाँसम्म बढी विद्यार्थीहरुलाई धाकधम्की दिएर असुल गरिरहेको सप्रमाण समाचारहरु बाहिर आइसकेका छन्। तर बेथिति नियन्त्रण गर्ने निकायहरु यसप्रति बेखबर छन् ।

हुन त अख्तियार आफैं सबैभन्दा ठूलो भ्रष्टाचारको केन्द्र भएको पुष्टि आयुक्त राजनारायण पाठकले लिएको ७८ लाख एकमुष्ठ घूसले प्रमाणित गरिसकेको छ । इन्जिनियरिङ कलेजदेखि यत्रो रकम लिने आयुक्तले मेडिकल बाँकी ८ पेजमा

## आयात बढ्यो निर्यात घट्यो

काठमाडौं । पछिल्लो एक महिनामा नेपालको आयात करिब सवा खर्ब रुपैयाँले बढेको छ । व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका अनुसार गत माघ महिनामा मात्रै नेपालले १ खर्ब १० अर्ब रुपैयाँको वस्तु आयात गरेको हो । यससँगै चालु आवको सात महिनामा नेपालको कुल आयात ८ खर्ब ३३ अर्ब २७ करोड रुपैयाँ पुगेको छ । केन्द्रका अनुसार यस वर्षको सात महिना अवधिको आयात अघिल्लो आव २०७४।७५ को सोही अवधिको तुलनामा २२.४ प्रतिशतले बढेको हो । उक्त अवधिमा नेपालमा ६ अर्ब ७५ अर्बको वस्तु आयात भएको केन्द्रको तथ्यांक छ ।

### धेरै आयात भएका वस्तु

माघ महिनासम्म विशेष गरी हवाईजहाज र यसका पार्टस, पेट्रोलियम पदार्थ, आइरन स्टिल र विद्युतीय सामग्री लत्ताकपडा लगायत वस्तुको आयात उच्च दरले बढेको छ। समीक्षा अवधिमा हवाईजहाज र यसका पार्ट्सको आयात सबैभन्दा बढी अर्थात् २ सय २७ प्रतिशतले बढेको छ । त्यस्तै पेट्रोलियमको आयात ३७.६ प्रतिशत, स्टिल एन्ड आइरनको ४१.६ प्रतिशत, लत्ताकपडाको १ सय ६७ प्रतिशत र विद्युतीय सामग्रीको आयात ३३.६ प्रतिशतले बढेको हो ।

### ५३ अर्बको निर्यात

समीक्षा अवधिमा नेपालको निर्यात १२.२ प्रतिशतले बढेर ५३ अर्ब ८ करोड रुपैयाँ पुगेको छ। अघिल्लो आवको सोही अवधिमा नेपालले ४७ अर्ब २९ करोड रुपैयाँको निर्यात गरेको थियो । समीक्षा अवधिमा आयुर्वेदिक औषधि, मुसुरोको दाल, चाउचाउ, आइरन एन्ड स्टिल र धागोको निर्यात उच्च दरमा बढेको छ। तर जुट, अलैंची, जुत्ता, हस्तकला, अदुवा, छाला, मासु लगायतको निर्यात भने उल्लेखनीय बाँकी ८ पेजमा

## नागरिकता ऐन २०६३ को नेकपा मालेद्वारा विरोध


काठमाडौं । पार्टी महासचिव सीपी मैनालीको अध्यक्षतामा बसेको नेकपा (माले) स्थायी कमिटीको बैठकले नागरिकता ऐंन-२०६३ को संशोधन विधेयक राष्ट्रिय हित विपरीत भएको भन्दै एक विज्ञप्ति प्रकाशित गरी केही बुँदाहरुमा असन्तुष्टि जनाएको छ । मालेद्वारा प्रेषित विज्ञप्तिमा भनिएको छ-

'२०७५ चैत ५ गते नेकपा (माले) स्थायी कमिटीको बैठक महासचिव क.सी.पी.मैनालीको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय, रातोपुल, काठमाडौंमा सम्पन्न भयो । बैठकले गरेका केही समसामयिक निर्णयहरूलाई आज यस प्रेस-विज्ञप्ति मार्फत् सार्वजनिक गरिएको छ।

(१) सरकारले सङ्घीय संसदमा पेश गरेको नागरिकता बाँकी ८ पेजमा

## वरिष्ठ साहित्यकार ढकाल ९२ वर्षमा






परिचय

(ii)

काठमाडौं । वरिष्ठ साहित्यकार, पूर्व प्रशासक, योगाचार्य तथा उत्तरी ध्रुव प्रदेश पुग्ने पहिलो नेपाली वासुदेव ढकाल ९१ वर्ष पूरा गरी ९२ वर्षमा प्रवेश गर्नु भएको छ । फागुन शुक्ल पक्ष एकादशी तिथिमा बत्तीसपुतलीमा जन्म लिनुभएका ढकालले महाकवि लक्ष्मीप्रसाद देवकोटाकालिन साहित्य साधकमध्ये एक हुनुहुन्छ । मुनामदन शैलीकै झ्याउरे खण्ड काव्य शशिकलाका सर्जक ढकाल महाकविबाटै झ्याउरे लेखनमा प्रभावित हुनुभएकै कारण शशिकलाको भूमिका स्वयं महाकवि देवकोटाले नै लेख्नुभएको थियो । थुप्रै फुटकर कविता, लेख रचना प्रकाशित गर्नुभएका ढकालले गीताको नेपालीमा अनुवाद तथा योगज्ञानसम्बन्धी पुस्तक पनि प्रकाशन गर्नुभएको छ ।

उत्तरी ध्रुव प्रदेशको यात्रा समेटेर उहाँले नियात्रा साहित्य र लेखकको स्वयं जीवन यात्रा समेत समेटी 'उत्तरी ध्रुव प्रदेशको यात्रा र लेखन्तेको जीवनी' नामक पुस्तक पनि बाँकी ८ पेजमा

## कार्यपत्रमाथि टिप्पणी



काठमाडौं । अन्तरपार्टी महिला सञ्जालले गत आइतबार काठमाडौंमा एक अन्तर्क्रियाको आयोजना गर्‍यो । संञ्जालकी अध्यक्ष निलम वर्माको स्वागत मन्तब्यबाट शुरु भएको उक्त कार्यक्रममा संघीय सांसद शशी श्रेष्ठले अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, ऐन, कानुनअनुरुप नेपाली महिलाहरुले सार्वजनिक पदमा न्यूनतम ३३ प्रतिशत भाग पाउने भने तापनि सबै ठाउँमा उक्त व्यवस्था लागू नभएको कुरा आफ्नो कार्यपत्रमार्फत प्रस्तुत गर्नुभएका बाँकी ८ पेजमा

## समय-सन्दर्भ: नेपाल न चौकीदार आपूर्तिकर्ता हो, न भारतको आज्ञाकारी: ब्लग

**राजेश जोशी**

यो वाक्यमा लुकेको अभिमान र घमण्डलाई हेर्नूस् 'चौकीदार त नेपालबाट पनि मगाउन सक्छौं ।' भारतको आम आदमी पार्टीकी विधायक अलका लाम्बाको यो ट्विटमा समावेश 'मगाउन सक्छौं' भन्ने कुरामा अलि ध्यान दिनुस् त ।

आवाज आउँछ- हामी मालिक हौं, हामीसँग अथाह पैसा र शक्ति छ, हामी जहाँबाट पनि जे मगाउन सक्छौं । नेपालबाट चौकीदारबाहेक हामी अरू के नै मगाउन सक्छौं ? हुन त साँझ भट्टीमा रक्सीका लागि कुर्दै गरेका एउटा जँड्याहाले पनि यस्तो कुरा गर्छ, 'रक्सी त म जति पनि मगाउन सक्छु। मलाई के को कमी छ र !'

अलका लाम्बालाई थाहा पनि भएन कि प्रधानमन्त्री नरेन्द्र मोदीमाथि टिप्पणी गर्दै उनले नेपालीहरूबारे जे भनिन् त्यसले विवाद निम्त्याउन सक्छ। हिन्दीमा भाषिक अशुद्धतासहित उनले ट्विट गरिन्, 'प्रिय भारतवासीहरू, कृपया यसपटक प्रधानमन्त्री चुन्नुहोला, चौकीदार त हामी नेपालबाट पनि मगाउन सक्छौं । नेपालका चौकीदार चोर हुँदैनन् ।'

लाम्बालाई लाग्छ कि भारतीयहरूले चौकीदारका लागि माग गर्नेछन्, ढोकैमा उभिएको नेपालले पालेले जस्तै शिर झुकाउनेछ र आगामी दिनमा भारतमा चौकीदारीका लागि नेपालीहरूको लाइन लाग्नेछ । उनले यो बिर्सिन् कि नेपाल एउटा स्वतन्त्र मुलुक हो । भारतजस्तो नेपाल कसैको दास भएन । ऊ भारत तथा चीनको बीचमा अवस्थित एउटा स्वतन्त्र देश हो र अलका लाम्बाका लागि नेपालले चौकीदारको आपूर्ति गर्दैन ।

अलका लाम्बा पढेलेखेकी हुन् । दिल्ली विश्वविद्यालय विद्यार्थी संघकी अध्यक्ष रहिसकेकी छन्। तर उनले यो कुरा बुझ्नुपर्छ कि नेपालमा चौकीदार मात्रै हुँदैनन् । त्यहाँ सूचना प्रविधि व्यावसायिक, अर्थशास्त्री, वैज्ञानिक, कलाकार, सुन्दरी र संगीतकारलगायत पनि हुन्छन् ।

त्यहाँ चौकीदार, सरसफाइ गर्ने मानिस, मजदुर, किसान र अरू मेहनती पनि हुन्छन् जस्तो कि भातरका दिल्ली, उत्तर प्रदेश, कर्नाटक वा केरलमा हुन्छन्। अलका लाम्बाले यो कुरा पनि बुझ्नुपर्छ कि नेपालीहरू ठिक त्यसरी नै रोजगारीका लागि अन्य मुलुक जान्छन् जसरी भारतका पञ्जाब, गुजरात, राजस्थान अथवा केरला राज्यका मानिसहरू ट्याक्सी चलाउन, सरसफाइ गर्न वा कलकारखानामा काम गर्नका लागि खाडी मुलुक, क्यानाडा, अमेरिका, ब्रिटेन, इटली अथवा फ्रान्ससम्म जान्छन्।

लाम्बाको भनाइ यस्तो थियो कि मानौं अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले यसरी भनेका हुन्- सरसफाइका लागि छिटो भारतीयहरूलाई मगाऊँ, न्युयोर्क निकै फोहोर भएको छ ।

तर, नेपाललाई आफ्नो बिर्ताजस्तै ठान्ने अलका लाम्बा एक्लै होइनन् । उनले आफ्नो गल्ती महसुस गरी ट्विट त मेटाइन्, तर त्यसले त्यो मानसिकता मेटिँदैन जुन मानसिकताले नेपाललाई आफ्नो आज्ञाकारी ठान्छ ।

नेपालीहरूले यो कुरा राम्ररी बुझेका छन् कि नेपाललाई आफ्नो सम्पत्ति ठान्नेहरू भारतमा प्रशस्त छन् । गत महिना काठमाडौंबाट दिल्ली जाँदै गरेको एयर इन्डियाको फ्लाइटमा मसँगै बसेका एक भारतीय यात्रीले जब बियर मागे तब एक परिचारिकाले मुस्कुराउँदै भनिन्, 'सर, यो आन्तरिक उडान हो, यसमा हामी बियर दिँदैनौं ।'

मैले ती कर्मचारीलाई सोध्न चाहेको थिएँ कि नेपालका बाँकी ८ पेजमा

## भारतीय ज्यादती

काठमाडौं । भारतीय भन्सारले अनलाइन सेवामा समस्या देखिएको भन्दै पेट्रोलियम पदार्थ बोकेका १४० वटा ट्याङ्कर रुपैडिया नाकामा रोकेको छ । ट्याङ्करसँगै फलफूल र तरकारी बोकेका दर्जन बढी ट्रक पनि दुई दिनदेखि भारतमै रोकिएको नेपालगञ्ज भन्सार कार्यालयका भन्सार अधिकृत शरदकुमार केसीले जानकारी दिए । उनले फलफूल र तरकारी गाडी कागजी प्रक्रिया मिलाएर छोड्ने सहमति भए पनि पेट्रोलियम पदार्थ बोकेका ट्याङ्कर भने अनलाइन सेवा सञ्चालन नभएसम्म नेपाल आउने सम्भावना नरहेको बताए। १० लाख रुपैयाँभन्दा बढी इनभ्वाइसको सामानलाई भन्सार क्लियर गराउन भन्सारका डेपुटी कमिसनरको अनुमति लिनुपर्ने बाध्यता भारतीय कर्मचारीले देखाएका छन् ।

भन्सारका डेपुटी कमिसनरको कार्यालय लखनउमा भएका कारण अनुमति लिन बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# अब जनता नै उर्लनु पर्छ

**सुरेन्द्र ढकाल**



स्वतन्त्र मधेस भन्दै देश विखण्डनका नारा घन्काइरहेका सिके रावत एक्कासी जेलमुक्त भई सत्तारुढ दलसँग ११ बुँदे सम्झौता गरी अँगालो मार्न आएको देखियो। त्यसको लगत्तै लहानमा उनको दलको महाअधिवेशन चलेको र सो महाधिवेशनमा आउने प्रतिनिधिहरुलाई नेपाली नागरिकता भएको आधारमा मात्र त्यहाँ सहभागी गराइएको र महाअधिवेशन राष्ट्रिय गानबाट शुरु भएको रे भन्ने कुरा सामाजिक संजालहरुमा पढन पाइयो। यी कुरा सत्य थिए वा थिएनन् उनीहरु नै जानुन्।

नेपालमा राजतन्त्र रहुञ्जेल नागकिता विधेयकमा कहिले लालमोहर लागेन। यही कारण भारतीय गुप्तचर संस्था रअको डिजाइनमा राजा वीरेन्द्रको वंश विनाश मात्रै भएन कालान्तरमा राजतन्त्रको जरा समेत उखेलियो। गणतन्त्र स्थापनाको लगत्तै तत्कालिन माओवादी, एमाले, कांग्रेस सबैको मिलीजुलीमा नागरिकता विधेयक पास गरी ६३ लाख भारतीयहरुलाई नागरिकता प्रदान गरिसकिएको छ। नेपालभित्र भएका भारतीय आप्रवासीहरुले मात्रै नभई भारतको महाराजागञ्ज भन्ने गाउँको २० हजार भारतीय समेतले नेपाली नागरिकता पाएको प्रमाणहरु पनि फेला नपरेका होइनन्। यिनै नवनागरिकताधारीहरु सिकेको नेतृत्वमा भूमिगत रुपमा सशस्त्र गोल बन्द भएका थिए र देश विखण्डनको नारा धन्काउँदै थिए। अब उनीहरु खुला राजनीति गरेर अगाडि बढ्ने कुराले नेपाल फिजिकरण हुँदै सिक्किम हुने बाटोमा लागेको छ।

सिके रावतसँगको सम्झौतालाई सत्तारुढ नेकपाले आफ्नो ऐतिहासिक उपलब्धि मानेको छ भने नेपालका लागि पूर्व भारतीय राजदुत लगायत साउथ ब्लकको नेपाल विज्ञ मानिएका एसडि मुनीले समेत यस सम्झौताको प्रशंसा गर्दै ठूलो सफलता हात लागेको बताएका छन्। विखण्डनको घुर्की देखाई सम्झौता गरी खुला राजनीतिमा आई लोकप्रिय र सफल हुने रहेछ भन्दै भोलि लिम्बुआन, नेवा, मगर, थारु अनि तमु लगायत नेपालका अन्य जातजातिले पनि अआफ्नो क्षेत्रमा विखण्डनकारी सोच विकास गरी आआफ्नो राजनीति शुरु गर्न कति बेर छैन अब। हुन त माओवादीहरुले जनयुद्धकालदेखि नै विभिन्न जातजातिको मुक्ति मोर्चा नबनाएका होइनन्।

भारतले नेपालका सीमा मिच्ने क्रमलाई निरन्तरता दिएको देख्दादेख्दै पनि कानमा तेल हालेर बसिरहेको सत्तारुढ दल नेकपाले सिकेसँगको सम्झौतालाई ऐतिहासिक उपलब्धि मान्नुको अर्को अर्थ उनीहरु कालान्तरमा नेपाललाई सिक्किम बनाउने दिशामै अघि बढिरहेको स्पष्टै देखिन्छ। झन् त्यसमाथि अरु भारतीयहरुलाई नागरिकता बाँड्न मिल्ने गरी फेरि नागरिकता विधेयकलाई संसदमा ल्याइनुले सत्तारुढ दल वैधानिक रुपबाटै नेपाललाई भारतमा विलय गराउन चाहन्छ भन्ने कुरा बुझिन्छ।

संघीयताको विरोघ गर्ने स्वरहरु, नागरिकता विधेयकको विरोध गर्ने दलहरु संसदबाट बढारिएको अवस्था छ अहिले। माओवादी सेनालाई लगेर मिलाई बनेको नेपाली सेनाले देशको स्वाधिनताको रक्षा गर्ला भनेर ढुक्क भएर बस्ने स्थिति पनि छैन। यही अवस्थामा मधेस होइन तराई हो भन्दै पूर्वराजा तराईका शक्ति पिठहरु पुग्दा राजा आउ देश बचाऊ भन्ने आवाजहरु घन्किन लागेको छ। भनाइको मतलव जनता विखण्डित भइसकेका छन्। राष्ट्रवादको परिभाषा दलैपिच्छे फरक भइरहेको वर्तमान परिप्रेक्ष्यमा मंचन भइरहेका नयाँ घटनाक्रमहरुले राष्ट्रको स्वाधिनता विपत्तिमा पुगेको देखाइरहेछ। देश भीरमा पुगेको छ काँध थाप्ने कोही देखिदैन। अब देश बचाउने हो भने जनता नै उर्लनु पर्छ।

## सम्पादकीय

# सरकारको उल्टो बाटो

सरकारले नेपाल कम्युनिस्ट पार्टी विप्लवमाथि प्रतिबन्ध लगाएर मुलुकमा फेरि सन्त्रासको वातावरण पैदा गरेको छ। प्रतिबन्धको घोषणासँगै द्वन्द्वकालीन अवस्थामा जस्तो गाउँघरमा सेना प्रहरीको समूह डुल्न थाल्नु जनताका घर, गोठ खानतलासी गर्नु, राजमार्गका यात्रुहरूलाई पुरानै शैलीमा चेकजाँचको नाममा दुःख दिन थाल्नु जस्ता घटनाले जनतामा त्रास उत्पन्न हुन थालेको छ। पञ्चायत कालमा दलमाथि प्रतिबन्ध थियो। खुला रूपमा राजनीतिक दलहरूले गतिविधि गर्न पाउँदैनथे। तर भित्रभित्रै भुसको आगो सल्किए जसरी पञ्चायत विरोधी गतिविधि प्रतिबन्धित दलहरूले फैल्याउँदै गए। अन्तमा पञ्चायती व्यवस्था पूरै मक्किएको अवस्थामा पुगेपछि जनआन्दोलनको धक्का दिएर ढालियो। प्रतिबन्धले विचारको मुख थुन्ने भए सायद अहिलेसम्म पञ्चायत जीवितै हुन्थ्यो होला। त्यसैगरी राजतन्त्रमाथि बोल्न, लेख्न लागेको प्रतिबन्धलाई माओवादीको जनयुद्धले खोत्रो पारिदियो र दोस्रो जनआन्दोलनले राजतन्त्रलाई नै बढारिदियो। त्यसैले प्रतिबन्ध लगाउनुको अर्थ प्रतिबन्धित दलको शक्ति विस्तारमा सहयोग पुर्‍याउनु र राज्यका संयन्त्रभित्रभित्रै कमजोर बनाउने काम गर्नु हो भन्दा अत्युक्ति नहोला।


लामो समयसम्म मुलुकमा फैलिएको द्वन्द्व, सत्र हजार जति जनताको बलिदानी, खर्बौंको भौतिक सम्पत्तिको विनाश, अर्बौंको आर्थिक लगानीपछि संविधानसभाबाट निर्माण भएको संघीय गणतन्त्र नेपालको संविधानप्रति केही समूहहरू असन्तुष्ट बने। संविधानले सबैका भावना आफूले भने जसरी नसमेटे पनि एउटा सहमतिको दस्तावेजका रूपमा आएको संविधान दुईतिहाईबाट अनुमोदित भएर कार्यान्वयनमा आयो। संविधानप्रति केही मधेसवादी दलहरू र माओवादीको मूल प्रवाहदेखि फुटेका वैद्य, विप्लव नेतृत्वमा रहेका दलहरूले असन्तुष्टि जनाए तापनि विप्लव र सीके राउतको असन्तुष्टि निकै चर्को रूपमा देखियो। सिके राउत र स्वतन्त्र मधेस राष्ट्र बनाउने नारा उराल्दै विखण्डनकारीको बाटोमा हिँडे भने विप्लव वैज्ञानिक समाजवाद र एकीकृत जनक्रान्तिको नारासहित संगठन विस्तारमा लागे र संविधानको पूरै धज्जी उडाए। सीके राउत जेल परेपछि रत्नाकरबाट पूरै बाल्मिकीमा बदलिएर सरकारसँग सम्झौता गर्न पुगे। सम्झौता कार्यान्वयन गर्दै उनले जनमत पार्टी समेत खोलिसकेका छन्। विप्लव नेतृत्वको नेकपाले यसबीचमा घटाएका बम काण्ड लगायतका घटनापछि सरकारले गतिविधिमा प्रतिबन्ध लगाउने निर्णय गर्दै उक्त पार्टीका नेता कार्यकर्ताहरूलाई मुलुकभर धरपकड गर्ने अभियानलाई तीव्र बनाएको छ।

मुलुकमा हिंसा भड्काउने, असामाजिक गतिविधि गर्ने जोसुकैलाई नियन्त्रणमा लिएर कानुन बमोजिम कारबाही गर्ने दायित्व सरकारको हो। तर सरकारले यसको पृष्ठभूमि केलाउने र हिंसाको कारण खोज्ने दायित्व पनि पूरा गर्नुपर्छ। अहिले सत्तामा भएका राजनीतिक दलहरू र प्रमुख प्रतिपक्षी दल समेत हिंसाको राजनीतिबाटै माथि उठेका हुन्। कांग्रेसले गरेको प्लेन अपहरण, राजाको गाडीमाथिको बम प्रहार र सशस्त्र संघर्षका घटना इतिहासमा लेखिसकेका छन्।

त्यसैगरी प्रधानमन्त्री केपी ओली झापा विद्रोहको एक नेता थिए भने उक्त विद्रोहमा धेरैको ज्यान गएको थियो। सत्ताधारी पार्टीकै अर्का अध्यक्ष पुष्पकमल दाहालमाथि त सत्र हजारको बलिदानीपछि पनि क्रान्तिलाई निष्कर्षमा पुर्‍याउन नसकी सम्झौतामा टुंग्याएर घात गरेको आरोप वैद्य, विप्लवहरूले नै लगाइरहेका छन्। मधेसवादी दलहरूले गौर र बर्दियामा मच्चाएको संहार आलै छ। त्यसैले कुनै पनि अगुवा राजनीतिक दलहरू हिंसा, हत्याको अभियोगबाट मुक्त छैनन्। हिंसा, प्रतिहिंसाको बाटोबाट पाठ सिकेर सत्ता सम्हाल्न पुगेको वर्तमान सरकारले विप्लवको नेकपालाई प्रतिबन्ध लगाएर मुलुकमा थप द्वन्द्वको बाटो निम्त्याउनुअघि राजनीतिक संवादको बाटोमा जान उचित हुने थियो। नेकपाले लिएको बाटोबाट मुलुकमा हिंसा मच्चिएला, नरसंहार होला तर उसले आफ्नो राजनीतिक गन्तव्य प्राप्त गर्न सक्दैन। त्यसैले संवाद र सहमतिकै बाटोबाट निकास पहिल्याउन आवश्यक छ।

उता दुईतिहाईको उन्मादमा रहेको सरकारले आफ्ना क्रियाकलाप सच्याउन आवश्यक छ। जनतालाई कुनै पनि परिवर्तनको अनुभूति दिलाउन नसक्नु तर नेताहरूले विलासी जीवनशैलीलाई बढावा दिनु, सुन काण्ड, वाइडबडी काण्ड, मेलम्ची काण्डदेखि लिएर सबै अड्डा अदालतमा मच्चाइएका घूस र कमिसन काण्डले जनता आजित भएका छन्। राष्ट्रिय ढिकुटीदेखि आफ्ना नेता कार्यकर्तालाई मात्र अर्बौं बाँडेको र नेताहरू आफू र आफ्नो परिवारको उपचारमा करोडौं खर्चिएर विदेश चहारेको अनि जनताले सिटामोल र जीवनजल नपाएको जस्ता कुराहरू जनताले फिटिक्कै रूचाएका छैनन्। सबै खाले भ्रष्टाचार, राष्ट्रघात, नातावाद, कृपावादबाट मुक्त भएर मुलुकमा सुशासन कायम राखेमा जनता आफैं विद्रोह र असन्तुष्टिको भावनाबाट टाढा जानेछन्।

# चुरे संरक्षणको खाँचो (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

अहिले चुरे दोहन गरी नेपाली सेनाले काम गरेको योजनामा लगे भन्ने चर्चा एकातिर छ भने चुरेको संरक्षण पनि नेपाली सेनालाई नै दिने कि भन्ने चर्चामा सामुदायिक वन महासंघले आपत्ति प्रकट गरेको २०७५।११।३० पृष्ठ ११ कान्तिपुर दैनिक पत्रिकामा देखिन्छ। यी दुवै कुरा विचारणीय नै छन् तापनि कसैको उद्देश्य पनि चुरेको विनाश नै गरौं भन्ने छैन होला तैपनि चुरेको गिट्टी र ढुंगामा हाम्रै दक्षिणी सीमाको अंग्रेजकै पालादेखि आँखा लागेको र अझै लोभी नै छ भनी सम्पूर्ण नेपाली चनाखो हुनैपर्छ। अब हामीले चुरेको पहाडमा मात्र भए पनि वनजंगल हुर्काउनै पर्छ। पूर्वदेखि पश्चिमसम्म जो बाँकी चरे पहाड संरक्षण गर्नैपर्छ।

चुरेभित्रै या छेउमा पुराना थारु माझी बस्ती थिए। त्यो कुरा २०७५।११।२५ मा कान्तिपुर दैनिकमा सरिता तिवारीले वर्तमान ४० हजार जनताको क्रन्दनमा पुराना २२ मौजा जिमिदारी चितवन माडीमै उहिल्यै थिए भन्नुभएकै छ। वर्तमान यो पौराही ब्रह्मस्थान पनि रौतहटमा श्री ३ जंगबहादुरका पालामा खुलेको बस्ती हो। यी सबै हेरेर पूर्व पश्चिम महेन्द्र राजमार्ग चुरेकै दक्षिणमा बनेको ठिक नै मान्नुपर्छ। अहिले हिमाल तराई गर्ने मार्गहरुले पनि चुरे विनाश हैन चुरे मैत्रीकै उद्देश्य राख्नुपर्छ भनी यो हरफकर्ताले बराबर आफ्ना स्तम्भ लेख यसै पत्रिकामा लेखी यही शीर्षकमा पनि ०७५ मार्ग २१ तथा पुस ६ मा दुईपटक लेखेकै छ।

वि.सं. १९९० सालमा पिताजी सरकारी जागिरमा बर्दियाको राजापुरमा बस्दा जंगली जन्तुहरु अतीव अनुशासनले पालैपालो बाघ मृग आदि पानी पिउन आउँथे र त्यसबेला मृगहरु हजार जति आउँथे भनी पुज्य माता कौशल्यादेवी बराबर भन्नुहुन्थ्यो। जंगली जन्तु र जलजन्तुहरु आहाराकै लागि र भ्रमणका लागि पर्यटनमा जाने हुन्। अब त चुरेमा उक्लिएका बाघहरु हराउन लागेका छन्। यही चुरेमा अहिले वनहरु बढाएर सुरक्षा हामीले दिएपछि बाघ र मृग जस्ता साना जनावर आआफ्नो क्षमताअनुसार आनन्दले फेरि बस्न पाउनेछन्।

मध्य पहाड र तराईका सम्पूर्ण क्षेत्रमा जुनार सुन्तला कफी आदि र अन्न खेतीलाई बढी जमिन दिने उद्देश्यले र हिमालयमा पनि ठाउँअनुसार यसै गरेर अत्यावश्यक सघन बस्तीलाई प्रोत्साहन गरेपछि उद्योग कलकारखाना पनि यथासम्भव मध्यपहाडी राजमार्ग र हुलाकी राजमार्ग छेउ नलगी सजिलो पर्ने छैन। यो काम हिमाल तराई यातायातले सजिलै पार लगाउने नै छ। त्यसैकारण त पूर्वमा सुनकोसी मरिन खोलामा मिसाई पौराहीसमेत पुरानै बस्तीमा र भेरी बबईमा मिसाई पश्चिम सिंचाइ गर्न खोजिएकोमा हिमाली जल संरक्षणमै कालापहाडले औंला ठड्याएकोले र चुरे पहाडमै पानी सुक्न लागेको होस् गरेरै पनि तराईका हुलाकी राजमार्ग छेउका जनताको लागि मात्र हैन, सम्पूर्ण नेपालकै भाग्यरेखाको लागि चुरे पहाडमा वनजंगल जोगाई साना जनावर पाल्नै परेको छ। अनि मात्र पानी बोकेका बादलहरुले चुरेका जंगलमा रुख बिरुवा हेरेर पानी बर्साउँदा हाम्रै सुरक्षा हुने वैज्ञानिक तथ्य हेरेर चुरे पहाडको सुरक्षा हुँदै जाने नै छ। मिलेरै गरौं सुरक्षा चुरे पहाडको।

हाम्रै एउटा अर्को कमजोरी पनि छ, त्यो सहरिया बसोबास एकलकाँटे र गाउँको बसोबास मिलनशील छ भन्ने यथार्थ हो। अब त्यो कमजोरी हटाएर सहरलाई पनि अर्थात् थोरै ठाउँमा भएका धेरै घरहरुलाई पनि शिक्षित गर्न बाँकी नै छ अनि मात्र बढेका जनसंख्याले पनि समुचित लाभ लिन पाउनेछन् अर्धविकसित हुनुको कारण यही हो।

काठमाडौं उपत्यकाको खेतीयोग्य जमिनमा केही दशक अगाडिका ७ लाख जनतालाई अहिले ७० लाख अव्यवस्थित बस्ती बनाइयो। त्यो उब्जाउ जमिनमाथि अपराधै भयो र अहिले समेत हुँदैछ। नारीहरुको हितका लागि शिक्षित नारीहरु आफैं अघि सार्नुपर्छ भनी भर्खरै युरोप, अमेरिकी मेहेरो राष्ट्रसंघमै पुगेर हाम्रै राष्ट्रपति विद्या भण्डारीले भन्नु हुँदा पूर्वीय पाश्चात्य सबै शिक्षा हेरेर नारी आफैं प्रति आफैं विवेकी बनुन् भन्नुभएकै हो। सुजित मैनालीले २०७५।१२।४ को पृष्ठ ६ नयाँ पत्रिकामा टिस्टा काँगडाको नामै नलिएर पनि आफ्नै टिस्टा काँगडाको माया गर्नुभयो, उहाँलाई धन्यवादै छ। अब हामी सहरमा घरबास भइटोपलेका कम स्थानीय बढी बाहिरबाट आई घर बनाउनेले पनि जसरी सघन घरहरुमा बसियो। त्यसैगरी केवल ३ पूर्व पश्चिम लमतन्न हुलाकी, महेन्द्र र मध्यपहाडी राजमार्गमै समेत सहरहरुमा बस्नु पर्दा काठमाडौंमा जस्तै अव्यस्थित भएर नबसौं। पश्चिम पूर्वको नक्कल मात्र हैन उब्जाउ जमिनको सुरक्षा गरौं। आफैंलाई वि.सं. १८१६ देखि आफ्नै सत्ताधारी नेताहरुले होस नगर्नाले दुःखै खपिरहेझैं अर्को दुःख महत्वपूर्ण चुरेमाथि कुनै पनि नेताले अर्घेलो नगरौं। कान्तिपुर दैनिक २०७५।१२।४ पृष्ठ १५ को तस्बिर हेरेरै मात्र नबसौं। आफ्नै हानी आफैं सत्ताधारीले गर्दै रहनुहुन्छ ? कि बाँकी चुरे पहाड पनि मास्नुहुन्छ ? के छ विचार सम्पूर्ण सत्ताधारी नेपालभरिका नेताहरुको ? हामी सम्पूर्ण नेपाली तपाईंजस्तै सत्ता धारी नेताकै भरमा अघि पनि थियौं अहिले पनि छौं हैन र ?

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–३४

चिनियाँ जनताको मूल अन्तरविरोधमा परिवर्तन आएपछि त्यसको प्रभाव अन्तर ाष्ट्रिय जगत्मा पनि स्वभावतः पर्थ्यो। अनि अन्तर्राष्ट्रिय रङ्गमञ्चमा चिनियाँ रणनीति र कार्यनीति, कार्यशैली र कार्यपद्धतिमा फेरबदल हुन्थ्यो। स्मरणरहोस्, सन् १९६४ मा इन्डोनेसिया कम्युनिस्ट पार्टी ध्वस्त पार्न सीआईएको निर्देशनमा सुहार्तोले सैन्यशासन चलाएर दशौं लाख कम्युनिस्टहरूको आमहत्या गरे, उत्तिकै सङ्ख्यामा जेलनेलमा सडाए। मानव इतिहासमा यति ठूलो आमहत्या अरूतिर भएको छैन।त्यहाँ बुल्डोजर, ट्र्याक्टर र ट्रकहरू प्रयोग गरी समाजवाद र साम्यवादप्रति आस्था राख्ने जनता र क्रान्तिकारी योद्धाहरूको कत्लेआम गरियो। सो घटनाबारे चिनियाँ कम्युनिस्ट पार्टीकोतत्कालीनराजनीतिक दस्ताबेजजस्तै 'पेकिङ रिभ्यु' मा इन्डोनेसियाली प्रतिक्रियावादी सत्ता र सीआईएको आपराधिक कदमको कडा निन्दा र भत्सर्नाबाहेक केहीउल्लेख छैन।वास्तवमा जसरी उत्तर कोरियाली युद्ध (१९५१–५३) मा चिनियाँ कम्युनिस्ट पार्टीले स्टालिनको निर्देशनमा काम गर्‍यो र आधा कोरिया मुक्त तुल्यायो, त्यसरी नै त्यसबेला इन्डोनेसियाली क्रान्तिकारी जनता, योद्धा र कम्युनिस्ट पार्टीको सुरक्षा र संरक्षणका लागिचिनियाँ जल, स्थल र हवाई सेनाले इन्डोनेसियाली प्रतिक्रियावादलाई ध्वस्त पार्नुपर्थ्यो।

सन् १९६९–७० मा भारतको नक्सलवादी आन्दोलनमा पश्चिम बङ्गाल, बिहार, उत्तरप्रदेश, झारखण्ड, आन्ध्रप्रदेश, तेलङ्गना, महाराष्ट्र, मध्यप्रदेशलगायत अरू प्रान्तका करोडौं जनताले भूमि क्रान्ति सञ्चालन गरेका थिए। हजारौं बिगा जमिन नियन्त्रणमा लिएका जमिनदारहरूका जग्गा कब्जा गरी भूमिहीन किसानहरूमा बाँडफाँट गर्ने, गुप्तचरहरूलाई भौतिक कारबाही गर्ने र जनताले अपराधअनुरूप दण्ड दिने आदि कदम चालिए। जमिनदारका सेनालाई निस्क्रिय पारी हतियार कब्जामा लिने, जाली, फटाहा र षड्यन्त्रकारीहरूलाई गाउँमा बस्न नदिने, उत्पादनमा अभिवृद्धि गरी किसानलाई भौतिक, आर्थिक रूपले सबल पार्ने र पार्टीलाई आर्थिक सहयोग गर्ने, गाउँगाउँलाई आधार क्षेत्र बनाई सहरहरू (मूलतः कलकत्ता, सिलिगुढी, पूर्णिया, मजफ्फरपुर, पटना इत्यादि) कब्जा गर्ने तयारी गरेर करोडौं जनता क्रान्तिको मैदानमा उत्रिए।उनीहरूको मूल नारा थियो– 'चीनका माओ हमारे माओ !वर्ग शत्रुको खत्तम करो !तमाम साम्राज्यवादीको नष्ट करो ! मजदुर–किसानको सत्ता सौपौं !...... दीर्घकालीन जनयुद्ध हमारे मार्ग...... ।'

यो सङ्ग्रामसन् १९२७ मा चीनमा भएको हुनान किसान आन्दोलनभन्दा उपल्लो स्तरको थियो। कमरेड चारू मजुमदारको पहल र भारतीय कम्युनिस्ट पार्टीको नेतृत्वमा यो भीषण मुक्ति सङ्ग्राम चलिरहेको बेला क्रान्तिकारी नेतृत्वको एक दस्ताले चीनको पेकिङ पुगेर माओ त्से तुङसँग भेटी भारतको क्रान्तिकारी गतिविधि र त्यसका तत्कालीन एवं दीर्घकालीन लक्ष्यहरूबारे स्पष्ट पार्‍यो। तर चीनको तर्फबाट 'पेकिङ रेडियो' ले चारू मजुमदारको रिपोर्ट प्रसारण गर्नेबाहेक अरूकेहीगरेन।बरू क्रान्तिकारी प्रतिनिधिहरूलाई झपारेर पठायो।

'माओ चीनको हो, भारतको होइन, तसर्थ सच्चाऊ !आफ्नै नेता जन्माऊ !क्रान्तिको आयात–निर्यात हुँदैन, क्रान्ति त आफ्नै बलबुतामा गर्नुपर्छ। हातहतियारको माग नगर !वर्ग शत्रु खतम अभियान गलत छ, सच्चाऊ !' जस्ता अर्तीउपदेश मात्र दियो।

चिनियाँ क्रान्तिमा सोभियत रूसअर्थात् स्टालिनकालीन समाजवादबाट प्राप्त भौतिक, आर्थिक, सैन्य, बौद्धिक, वैचारिक सम्पूर्ण कुराहरू भुलेर माओवादी समाजवादले भारतीय क्रान्तिकारी कम्युनिस्टहरूलाई भनेका कुराहरू क्रान्तिलाई टेवा दिने खालका थिएनन्। फेरि 'चीन के माओ भारत के माओ !' नाराको बाध्यता के थियो भने भारतका पुराना कम्युनिस्ट पार्टीका नेताहरूतत्कालीन रूसी समर्थक अर्थात् ख्रुस्चोव, ब्रेजनेभ मतका थिए।युवा नेताहरूमा चारू मजुमदार, कानुसन्याल, विनोद मिश्रा, एस.डी.बोसहरू विशाल भारतीय समाज र कम्युनिस्ट पार्टीमा स्थापित भएका थिएनन्। तसर्थ उनीहरूले एउटा स्थापित र गतिलो नेता खोजे, त्यसमा माओलाई नै पाए। यो उनीहरूको सचेत अन्तर्राष्ट्रियवादको उत्तम परिचय थियो।त्यो कुरामाओ त्से तुङ, चाओअनलाई, चुतेहहरूले बुझ्दै बुझेनन्।

*(क्रमशः)*

# मैले देखेको अठासिऔं विश्व सम्पदा:
# भुर्च्जवुर्गको रेसिडेन्च्ज स्क्वायर

सुरेन्द्र ढकाल



दरबार अगाडिबाट हेर्दा यस्तो देखिन्छ



दरबार अगाडिको फ्रान्कोनिया फोहोरा



दरबारभित्रको विशाल भऱ्याङ




माथिबाट हेर्दा दरबार र त्यसको अगाडि र पछाडि अनि पछाडिका बगैंचाहरू




भुर्च्जवुर्ग जाँदा किनेको त्यसबेलाको पोस्टकार्ड



दरबारभित्रको दलिनमा गरिएका फ्रेस्को कला



दरबार अगाडि माइन नदीको किनारमा सुरेन्द्र सन् १९८९ सेप्टेम्बरमा

एसलिंगन नगर र त्यहाँको पुरातात्विक क्षेत्र अवलोकन गरी स्पायर फर्कंदा बेलुकाको ९ बजिसकेको थियो। तत्पश्चात हामी आआफनो नियमित कार्यमा लाग्यौं । अध्ययनले निरन्तरता पाइनै रहेको थियो। त्यसैबीच सेप्टेम्बर महिनाको अन्तिम सप्ताहन्तमा जर्मनीको भुर्च्जवुर्ग भन्ने शहरमा जर्मनीको सोसलिष्ट पार्टीको भगिनी संस्था फ्रेडरिक एवर्ट फाउण्डेसनले सरकारी कर्मचारीहरु आवद्ध ट्रेड युनियन सम्बन्धी एक ३ दिने सेमिनार कार्यक्रम आयोजना गरेको रहेछ । मेरी महिला मित्र मोनिका क्लेम्स्टाइन त्यस ट्रेड युनियनसँग आवद्ध भएको कारण उनले त्यस कार्यक्रममा मेरो सहभागिता निश्चित गरेकी थिइन्। सो अनुरुप शुक्रबार बेलुकी कलेज सकेर उनकै कारमा हामी दुई भुर्च्जवुर्गतर्फ लाग्यौं। स्पायरबाट भुर्च्जवुर्ग पूर्व दक्षिणतर्फ १७७ किलो मिटरको दूरीमा रहेको हुँदा कारमा हामीलाई त्यहाँ पुग्न २ घन्टा मात्रै लाग्यो। करिब ७:३० बज्दा हामी त्यहाँ पुगी कोठा लिई बेलुकाको खानाको कुपन लिएर तल रेष्टुरामा झरिसकेका थियौं । हरेक दिन सेमिनार २ बजेसम्म मात्र र त्यसपछि त्यहाँको ऐतिहासिक स्थल घुमाउने कार्यक्रम भएको हुँदा मलाई ज्यादै खुसी लागेको थियो। भोलिपल्ट शनिबारको पहिलो दिनको सेमिनारमा भाग लिई हामी करिब ३ बजेतिर भुर्च्जवुर्ग रेसिडेन्स दरबार अवलोकन गर्न त्यहाँ  जम्मा भइसकेका थियौं।


**भुर्च्जवुर्ग रेसिडेन्स दरबार**

यो युरोपकै गौरवशाली ऐतिहासिक दरबार रहेछ। बारोक र रोक्कोको मिश्रण शैलीमा माइन नदीको किनारमा बनेको यो दरबार सन १९८१ देखि नै युनेस्कोको विश्व सम्पदा सूचीमा परेको रहेछ। यो दरबार उत्तरी युरोपमा रहेका अन्य दरबारभन्दा भिन्न हुनुको कारण भनेको यसको निर्माण उत्तरी इटलीको दरबारको शैलीमा बन्न गएको कारण रहेछ । सन १७०१ मा निर्माण शुरु भएको यो दरबार आर्किटेक्ट वाल्टहासर नइमानले राजकुमार विशप जोहन फिलिपका लागी डिजाइन गरेका रहेछन्। जहाँ चार महाद्विपका तस्विरहरु झुण्ड्याइएका रहेछन् । यस दरबारभित्र रहेका ४० वटा अतिनै विलाशी कोठाहरु विश्वभरिका पर्यटकहरुको आकर्षणको केन्द्र रहेछ । पेशागत रुपले दक्ष गाइडहरुले पर्यटकहरुलाई ती कोठामा घुमाउँदा रहेछन्। राजकुमार जोहान फिलिपले आफ्नो राजगद्दीमा बसेपछि अष्ट्रिया हंगेरी विरुद्ध अदालतबाट एक मुद्दा जिती ६ लाख गुल्डेन (तत्कालिन हंगेरीको मुद्रा) प्राप्त गरेको र त्यही पैसा खर्च गरी यो दरबार बनाउन शुरु गरिएको रहेछ। तर उनको मृत्युपछि यत्रो ठूलो दरबार बनाएर के गर्नु भनी उनका छोरा क्रिस्टोफले उत्तरीतर्फको मोहोडा मात्रै बनाइ आफ्नो निवासको लागि प्रयोग गरेका रहेछन्।

सन १७३० मा राजकुमार विशप फ्रेडरिकले दरबारको दक्षिण मोहडा बनाउन लगाएका रहेछन् र त्यसभित्रको विश्व विख्यात भऱ्याङको भने सन १७३७ निर्माण सम्पन्न भएको रहेछ । त्यसपछि दरबार अगाडिको बगैंचाको निर्माण सन १७४४ मा सम्पन्न भएको रहेछ । यस दरबारभित्रको वादशाहको विशाल हलको निर्माण सन १७४२ मा सम्पन्न भई सन १७४५ आइपुग्दा त्यहाँ सिगारने कार्य र विशाल ऐनाहरु राख्ने कार्यहरु भएका रहेछन । सन १७७२ मा दरबारभित्रको गजुर, ठूलो हल, विश्वविख्यात भऱ्यङलाई ३ वर्ष लगाएर इटलीका भेनेसियाका प्रख्यात कलाकार जोभान्नी वात्तिस्ताले फ्रेस्को कलाबाट सिंगारेका रहेछन् । ६ लाख गुलडेनबाट सबै निर्माण सक्ने भनिए तापनि यस दरबारको लागत १५ लाख गुल्डेन पुगेको रहेछ । सन १८०२ मा भुर्च्जवुर्गको राजारजौटा उन्मूलन भई इटली तोस्कनाका ग्राण्ड ड्युकको शासन अन्तर्गत पुगेपछि दरबारको दक्षिणी मोहडामा तोस्कानी कक्ष भनेर धेरै कोठाहरु थपिएको रहेछ ।  सन १८०६ देखि १८१३ सम्ममा सम्राट नेपोलियन ३ पटक यो दरबारमा आई सुतेका रहेछन् । उनको लागि भनेर नवशास्त्रीय शैलीको दुई जना सुत्न मिल्ने ठूलो खाट र खाटसँगैको टेवल बनाइएको रहेछ । फ्रान्सको भर्साइ दरबारको बराबरीमा  पुगेको यो दरबारलाई विश्व विजेता नेपोलियनले देखेपछि यसलाई युरोपकै सबैभन्दा ठूलो 'क्रिश्चियन पादरी बस्ने भिकारको दरबार' नामाकरण गरेका रहेछन् ।  सन १८१४ मा भुर्च्जवुर्ग वभेरियाको नियन्त्रणमा पुगेको रहेछ । त्यही बेलामा दरबारको चोकमा फ्रान्कोनिया नामक मूर्ति सहितको पानीको फोहरा बनाइएको रहेछ ।

दोस्रो विश्व युद्धताका शत्रुको बम आक्रमणको कारण निकै क्षति पुगेको यो दरवारको जिर्णोद्धार युद्धपश्चात सन १९४५ बाट शुरु भई सन १९८७ सम्म निरन्तर चलिरहेको रहेछ ।

# मेरो राजनीतिक जीवनका स्मरणहरू




■ शम्भुराम श्रेष्ठ

राणा प्रधानमन्त्री पद्मशमशेर श्री ३ महाराजको गद्दी त्यागी भारतमा प्रवासी जीवन बिताउन गएपछि राणाहरुको रोलक्रम अनुसार मोहनशमशेर प्रधानमन्त्री एवं श्री ३ महाराज बने। अब पद्मशमशेरद्वारा घोषणा भएको '२००५ सालको विधान' लागू नहुने भयो। मोहनशमशेरको यो हर्कतविरुद्ध काठमाडौं उपत्यकाका युवकहरुले '२००५ सालको विधान' लागू गरियोस् भन्ने मागलाई अघि सारेर काठमाडौंका सडकहरुमा जुलुसहरु निकाले। यो आन्दोलन एक हप्ता जति नै चल्यो र ३०० भन्दा बढी युवकहरु गिरफ्तार गरिए र तिनीहरु सबैलाई भद्रगोल जेल चलान गरियो। यति ठूलो संख्यामा आन्दोलनकारीहरु पक्राउ गरी जेल चलान गरिएको यो पहिलो घटना थियो। जेल परेका केही दिनपछि नै तिनीहरुले भद्रगोल जेलमा सामूहिक रुपमा पीटी व्यायाम गर्न सुरु गरे। यो कुरा मिलिटरी जेलर कप्तानलाई राम्रो लागेन र उनले नम्रतापूर्वक उनीहरुलाई त्यसो नगर्न भने। तर उनीहरुले मानेनन्। कप्तानले उनीहरुलाई एकपटक फेरि त्यसो नगर्न जनाउ दिए। तैपनि उनीहरुले कप्तानको त्यो जनाउलाई अनसुनी गरी पिटी व्यायामलाई चालू नै राखे। त्यसको परिणामस्वरुप केही दिनपछि मिलिटरी जेलरले सेन्ट्रल जेलबाट डाँकाहरु लगेर ती राजबन्दीहरुलाई अत्यन्तै क्रुरतापूर्वक अग्राखका लामा लामा दाउराका रुपमा प्रयोग गरिने कप्टेराहरुले चुट्नसम्म चुटाए। भद्रगोल जेलमा राजबन्दीहरु 'माऱ्यो बा-बा, माऱ्यो बा-बा।' भनेर चिच्याएको सेन्ट्रल जेलको गोलघरबाट प्रस्टै सुनिन्थ्यो। भद्रगोल जेलमा राजबन्दीहरुलाई त्यसरी डाँकाहरु लगाएर निर्ममतापूर्वक कुटाएको विरोध गर्दै मैले जेल बाहिरका साथीहरुलाई एउटा चिठी लेखिपठाएको थिएँ। तर दुर्भाग्यवश त्यो चिठी मिलिटरी जेलर कप्तानको हातमा पर्न गयो र बाहिरका साथीहरुका हातसम्म पुग्न सकेन। भोलिपल्ट बिहान सबेरै मैले लेखेको चिठी हातमा लिएर जेलर कप्तान गोलघरभित्र पाए र मलाई सम्बोधन गर्दै भन्न थाले, 'के तपाईंले मेरो विरोधमा यो चिठी बाहिर लेखिपठाएको हो ?' मैले भने, 'खोइ, त्यो चिठी दिनोस् त, हेरुँ मैले लेखेको हो वा होइन।' अनि कप्तानले, 'तपाईंलाई दिन्न' भनी जवाफ दिँदै हण्टर (कोर्रा) हल्लाउँदै फर्केर गए।

त्यसको भोलिपल्ट दिउँसो सेन्ट्रल जेलको गोलघरबाट टंकप्रसाद आचार्य र रामहरि शर्मालाई पुनः भद्रगोल जेलमै लगे। उसैगरी त्यही दिन भद्रगोल जेलबाट त्रिपुवरसिंह, विजयबहादुर मल्ल, गोपालदास श्रेष्ठ, लक्ष्मीभक्त श्रेष्ठ, अमीरबहादुर राजभण्डारी, चैतन्य झा, बालमुकुन्द र मंगलमानलाई सजायको रुपमा भद्रगोल जेलबाट सेन्ट्रल जेलको गोलघरमा ल्याइयो।

उपरोक्त घटना भएको केही महिनापछि भारतीय प्रधानमन्त्री पं. नेहरुको निम्तोमा अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेर जबरा भारत गए। उनी भारतबाट काठमाडौं फर्किएपछि सेन्ट्रल जेलको चौकिदार गोलघरभित्र आएर हामीहरुलाई 'मोहनशमशेर महाराज नयाँ दिल्लीमा भारतसितको सम्बन्धलाई एकदमै मजबुत गरेर फिर्ती सवारी भएको छ। यसबाट राणा सरकार अझ बढी बलियो भएको छ।' भनेर सुनाए, तर वास्तविक कुरा अर्कै रहेछ जो २००७ सालमा 'क्रान्ति' पश्चात हामीहरु जेलबाट छुटेपछि नेपाल भारत सम्बन्धबारे भारतका प्रख्यात पत्रकार कुलदीप नायरद्वारा संकलित पं. जवाहरलाल नेहरुले प्रधानमन्त्रीको हैसियतले भारतीय संसदमा दिएका भाषणहरु पढेपछि हामीलाई थाहा भयो।

यहाँनेर म मंगलमानसँग जोडिएको एउटा दुःखद तर मनोरञ्जक घटनाबारे उल्लेख गर्न चाहन्छु। गोलघरबारे माथि मैले उल्लेख गरेको छु कि गोलघर सेन्ट्रल जेलभित्रको जेल हो, जसका बाहिरी र भित्री दुइटै ढोकाहरुमा चौबिसै घन्टा ताल्चा लगाइएको हुन्छ र जसभित्र आठवटा सेलहरु एउटा कालकोठरी र एउटा फलामको पिँजडा छन्। आठवटै सेलहरुमध्ये प्रत्येक सेलमा मुश्किलले दुई जना बन्दीहरु मत्र अटाउँछन् भने प्रत्येक सेलमा बेलुका ५ बजेदेखि बिहान ६ बजेसम्म ताल्चा लगाइएको हुन्छ। भद्रगोल जेलमा सामूहिक पिटी व्यायाम गरेबापत सजाय स्वरुप त्यहाँका राजबन्दीहरुलाई राखिएको थियो। ती दुईको बीचमा कुन कुरामा मनमुटाव भएछ कुन्नि। एक दिन आधा रातमा मंगलमानले तरकारी (मासु) काट्ने लुकाएर राखिएको चक्कुले घोचेर मार्छु भनी अमीरबहादुरलाई धम्की दिन थालेछन्। अमीरबहादुर डरले काँप्दै मलाई ठूलो स्वरले बोलाउन थाले। तर हामीहरु लाचार थियौं, किनकि हामी सुतिरहेको सेलमा ताल्चा लगाइएको थियो। एकाएक मलाई एउटा विचार सुझ्यो। मंगलमान र अमीरबहादुर राखिएको सेलसँग जोडिएको अर्को सेलमा बालमुकुन्द र चैतन्य झा थिए। मैले तुरुन्तै जेल नियमहरुको परवाह नगरी बालमुकुन्दजीलाई मंगलमानहरु बसेको सेलको भित्ता फोडेर अमीरबहादुरलाई आफू बसेको सेलमा ल्याउनुहोस् भनी अह्राएँ। बालमुकुन्द बनारसमा निकै पहलमानी कसरत गरेको र कुस्तीबाज समेत भएको बलियो युवक थिए। मैले उनलाई भित्ता फोड्नुहोस् भन्ने बित्तिकै उनले भित्ता फोड्न थाले र १५-२० मिनेटमै अमीरबहादुरलाई छिराउन सक्ने गरी सो भित्तामा प्वाल पारिहाले। अनि अमीरबहादुरलाई आफू बसेको सेलमा सारेर आफू मंगलमानसँग बस्न गएँ। भोलिपल्ट बिहान सबेरै चौकिदार, मूल नाइके र नाइकेहरु गोलघरभित्र आए। मैले राति भएको सबै कुरा उनीहरुलाई बताएँ। मेरो कुरा सुनेपछि चौकिदारले भने- 'तपाईंले ठिकै गर्नुभयो, त्यसो नगर्नु भएको भए, असोच्य घटना हुन सक्थ्यो।' त्यसपछि मंगलमानलाई सामान्य नसहित दिने विचारले चौकिदारले उनलाई गोलघरभित्र राखिएको फलामको पिँजडामा केही दिन राख्ने निर्णय गरे। पर्सिपल्टै चौकिदार गोलघरभित्र आएर मंगलमानलाई पिँजडाबाट बाहिर निस्कनोस् भनी भने तर मंगलमान मानेनन। अनि चौकिदार बाहिर गए। त्यो दिन त्यत्तिकै बित्यो। भोलिपल्ट हामीहरुले मंगलमानलाई मुश्किलले मनाएर पिँजडाबाट बाहिर निकाल्यौं र भान्छा कोठामा अरु कोही नरहने भएकाले उनलाई त्यही कोठामा राख्यौं। तर मंगलमानले भान्छा कोठामा पनि उत्पात गर्न छाडेनन्। भोलिपल्ट बिहान भात पकाउने समय भएपछि भात पकाउने जिम्मेवारी लिएका साथीहरु भान्छा कोठामा पसे, सुतिरहेका मंगलमानलाई भात पकाउने बेला भयो, उठ्नोस् भनी भने। तर मंगलमान आफ्नो ओछ्यान छाड्न विल्कुलै मानेनन्। भात पकाउन अबेर भइसक्यो तर मंगलमानले ओछ्यान छोडेनन्। भात पकाउने दुई घन्टाभन्दा बढ्ता अबेर भएपछि पनि उनले ओछ्यान नछोडेपछि दाउरा पानीले भिजाएर बालिदियौं, कोठा धूवाँले भरियो। मंगलमान त्यहाँ बस्नै नसक्ने भएपछि बाहिर निस्के।

# मेथीका फाइदा कति कति



मेथी साग तथा मसलाको रूपमा प्रयोग गरिने वनस्पति हो। मेथी भान्सामा नियमित प्रयोग हुने मसलारुपी खाद्य पदार्थ हो। आयुर्वेदमा मेथीलाई बहुगुणी औषधीको रुपमा प्रयोग गर्ने गरिन्छ। प्राचिन काल देखिनै यस्को औषधीय गुणका कारण तरकारी तथा औषधीको रुपमा यस्को प्रयोग गरिंदै आएको छ।

मेथीको दाना र मेथीको साग नै स्वास्थ्यका लागि निकै फलदायी हुन्छन्। यहाँ हामी मेथीका सागका र मेथीका दानाको स्वास्थ्यमा पर्ने फाइदाका बारेमा जानकारी दिन गइरहेका छौं।

**मेथीको दानाले पार्ने प्रभाव**

मेथीको दानामा आइरन, क्याल्सियम, म्याग्नेसियम, पोटासियम, सोडियम, जिंक, फोस्फरोस, फोलिक एसिडजस्ता मिनरल्सका साथै भिटामिन ए, बी र सी पनि पाइन्छन्। यसका साथै, यसमा भरपूर मात्रामा फाइबर्स, प्रोटिन, स्टार्च, सुगर, फस्फरोस एसिडजस्ता पौष्टिक तत्व पाइन्छ। मेथीको दानामा अत्यधिक पौष्टिक तत्व पाइन्छन्। यसलाई राती भिजाएर बिहान खाली पेटमा मज्जाले चपाएर खाँदा र यसको पानी पनि पिउँदा विभिन्न स्वास्थ्य समस्यालाई समाधान गर्न फाइदा पुर्याउने गर्दछ।

हामी मध्ये धेरै जसोलाई मेथी मन नपर्न पनि सक्छ तर हामीलाई लाग्छ यो पढे पछि तपाइको मन बदलिने छ। यस्ता छन् बहुउपयोगी मेथीका फाइदाहरु -

**१. मोटोपनको नियन्त्रण**

मेथीमा उच्च मात्रामा फाइवर हुन्छ। यसले पाचन प्रणालीमा सहयोग गर्छ। यसले शरीरलाई चाहिने भन्दा बढी क्यालोरी पनि कम गर्दिन्छ। विहानमा एक गिलास मेथीको पानी पिउनुस् यसले शरीरलाई अत्यन्तै फाइदा गर्छ।

**२. चम्किलो छाला**

अनुहार चम्किलो पार्न चाहनु हुन्छ भने मेथी तपाइँलाई चाहिने चिज हो। मेथीको दानाले शरीरमा रहेका विभिन्न फ्रि रेडिकल्सलाई बाहिर निकाल्छ।

मेथीको दानाको पेष्ट बनाएर लगाउँदा अनुहारमा रहेका काला घेरा र अन्य समस्या समेत हट्छन्। यसले छालाको कलर टोन बढाउँछ एवं मृत तन्तुहरु हटाउँछ त्यसकारण अनुहार चम्किलो देखिन्छ।

**३. पाचन प्रणालीमा सुधार**

मेथीको सेवनले पाचन प्रणालीलाई राम्रो तुल्याउँछ। यसले पेट पोल्ने र अन्य समस्या समेत हटाउँछ। पाचन सम्बन्धी कुनै पनि समस्या भएको ब्यक्तिका लागि मेथीको सेवन अत्यन्तै फाइदाजनक हुन्छ।

**४. सुगरको नियन्त्रण**

मेथीको सेवनले रगतमा हुने सुगर लेवल पनि नियन्त्रित हुन्छ। मेथीमा हुने एमीनो एसिडले प्याङ्क्रियाजमा हुने इन्सुलिनको प्रभाव बढाउँछ र यसले रगतमा हुने सुगरको मात्रा नियन्त्रण गर्छ। यसैले मधुमेहका रोगीहरुलाई पनि मेथी सेवन राम्रो मानिन्छ।

**५. मृगौलाका लागि राम्रो**

मेथीको सेवनले मृगौलालाई पनि स्वस्थ राख्छ। मेथीमा हुने तत्वले पत्थरीको समस्या हुनेलाई समेत फाइदा गर्छ। यसले भित्रका विकार पिसावको माध्यमबाट बाहिर निकाल्छ।

**६. ज्वरो नियन्त्रण**

यदि तपाइँलाई ज्वरो आएको छ भने एक चम्चा कागतीको रशमा मह र मेथी मिसाएर खाँदा ज्वरो घटछ। यसले आराम अनुभव गराउँछ। यसले घाँटीमा हुने खस खस पनि हटाउँछ।

**७. महिलालाई उपयोगी**

मेथीले महिलामा स्तन वृद्धी गर्न सहयोग गर्छ। यसले महिलाले बच्चालाई खुवाउनका लागि दुधको उत्पादन पनि बढाइदिन्छ। महिलामा हुने विशिष्ठ समस्यामा मेथीले औषधीको काम गर्छ।

**८. कपाल झर्न रोक्छ**

मेथीको दानामा कपाललाई मजबुद गर्ने क्षमता हुन्छ। यसमा प्रोटिन र निकोटिनिक एसिडको मात्रा उच्च हुन्छ जसले हाम्रो शरीरलाई पनि उर्जा दिन्छ। यसको पेष्ट बनाएर नरिवल वा जैतुनको तेल मिलाएर कपालमा लगाउँदा यसले कपाल झर्न रोक्छ।

**९. चायाँबाट मुक्ति**

यदि तपाइँलाई चायाँको समस्या छ भने मेथी तपाइँका लागि अचुक औषधी बन्छ। टाउकाको छाला सुख्खा भएर समस्या भयो भने मेथी त्यसका लागि सरल घरेलु उपाय हो। मेथीमा दही मिसाएर पेष्ट बनाउनुस र यसलाई कपालको जरा सम्म पुग्ने गरी लगाउनुस्। अलि अलि मसाज गर्नुस्। ३० मिनेटपछि धुनुस् तपाइँको कपालमा चायाँक समस्या तत्काल समाधान हुन्छ।

**१०. डन्डीफोर नियन्त्रण**

मेथीका दाना डन्डीफोर नियन्त्रणका लागि पनि निक्कै उपयोगी मानिन्छ। यसले छालाको एमिडर्मिस तहमा रहेको टक्सिनलाई निकाल्छ र डन्डीफोरको दाग समेत हटाइदिन्छ। डन्डीफोरले दिक्क पारेको छ भने मेथी तपाइँका लागि अचुक औषधी हो। मेथीका दाना पिस्नुस् र पेष्ट बनाउनुस् यसमा थोरै मह हाल्नुस्। मेथी र महको पेष्ट सुत्नु अघि अनुहारमा लगाउनुस् विहान उठेर चिसो पानीले धुनुस्। डन्डीफोरको समस्या समाधान हुन्छ।

**कम गुणकारी छैन मेथीको साग पनि**

१. मेथीको साग वा मेथीको दानाको चुर्ण प्रतिदिन खाँदा तपाईंको वजन नियन्त्रणमा रहन्छ, र बोसोको मात्रा बिस्तारै कम हुँदै जान्छ।

२. घरका बृद्धबृद्धाहरुले जाडोमा मेथी र ड्राइफुडको लड्डु खाएको तपाईंले देख्नुभएको होला। यसको प्रमुख कारण यो हो कि मेथीको सेवनले जोर्नीको दुखाईबाट मुक्ति दिन्छ। यसको बिउ होस वा पात, दुवैले जोर्नीको दुखाईलाई समानरुपले हल गर्छन्।

४. मेथीको हरियो पातको तरकारीमा प्याज हालेर खाँदा रक्तचापको समस्याबाट छुट्कारा पाउन सकिन्छ। न्यून रक्तचाप हुनेहरुका लागि पनि मेथीको मसलावाला सागले फाइदा पुर्याउँछ। खासगरी अदुवा र गरम मसला यसमा लाभकारी हुन्छन्।

५. यदि तपाईंलाई बारम्बार पिशाब आउने समस्या छ भने मेथीको पातको रसले तपाईंलाई निकै फाइदा पुग्छ। दैनिक यसको सेवनबाट तपाईंको समस्या बिल्कुल समाप्त भएर जान्छ।

६. मेथीको साग नित्य सेवन गर्दा मुटुसम्बन्धी रोगलाई नजिक आउन दिँदैन। यसले हृदयघातको सम्भावनालाई निमिट्यान्न बनाउँछ र तपाईं आफ्नो मुटुलाई पूर्णरुपमा स्वस्थ राख्न सक्नुहुन्छ।


८. पेटमा किरा परेको बेलामा पनि मेथीले एउटा सटिक औषधिको काम गर्छ। अधिकांश बच्चामा यो समस्या देखिन्छ। यस्तोमा मेथीको पातको रस निकालेर बच्चालाई प्रतिदिन एक चम्चा खुवाउनुपर्छ।

९. धेरैजसो मानिसहरुलाई पेटसम्बन्धि समस्या हुने गर्दछ। जसमध्ये कब्जियत र ग्यास्ट्रिक प्रमुख हुन्। मेथीको हरियो साग खानाले पाचनतन्त्रले सुचारुरुपमा काम गर्नुका साथै कब्जियत वा ग्यास्ट्रिक जस्ता समस्याबाट छुट्कारा दिलाउँछ।

# पेरिस : कलात्मक सहरमा अकलात्मक यौनाचार-३

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**



**विजयद्वार**

'ल आर्च ड ट्रम्फे' (विजयद्वार) पनि पर्यटकहरूको मुख्य मनोरञ्जनस्थल रहेछ। पेरिसको सुप्रसिद्ध 'प्लास द लेटवाल' नामक खुला ठाउँ (चोक) जहाँबाट बाह्रओटा लामा फराकिला सोझा मार्गहरू केन्द्रबिन्दुबाट झैँ बाह्रै दिशातिर फिँजिएर गएका छन्, एउटा केन्द्रस्थल हो। त्यसमा रहेको विजयद्वार नेपोलियन प्रथमले विभिन्न देशमा गरेको विजयलाई सम्झाउन सन् १८०६ मा निर्माण गरेका रहेछन्। तर पछि सायद यस द्वारलाई अझ बढी भावपूर्ण बनाउने हेतुले होला, प्रथम विश्वयुद्धमा मरेका अपरिचित एक जना सैन्यको शरीर यहाँ गाडी त्यसमाथि चारैतिर अग्लो वेदी बनाई त्यसमा निम्नलिखित कुराहरू फ्रान्सेली भाषाम

आउनासाथ दुई-तीन माइलको लामो बाटो हिँडेर सर्वप्रथम यस द्वारमा आई ती असङ्ख्य अपरिचित देशभक्त सपूतहरूप्रति आफ्नो अनन्त श्रद्धाञ्जलि अर्पण गरेका थिए। यसबाट फ्रान्सेली जनमानसमा अत्यन्त न्यानो प्रभाव पनि परेको थियो रे। यहाँ चहार्दा प्रथम विश्वयुद्धको विषयमा हाम्रो गाइड महोदयले भनेका थिए- यो युद्धको सुरुआत सन् १९१४ को अगस्त ३ तारिखका दिन भएको थियो र चार वर्षसम्मको लामो सङ्घर्षपछि सन् १९१८ को नोभेम्बर ११ तारिखमा मात्र यो युद्ध सामसुम हुन पुग्यो। त्यस युद्धमा फ्रान्सका चौध लाख, जर्मनीका उन्नाइस लाख, रसियाका सत्र लाख, संयुक्त अधिराज्यका आठ लाख तथा संयुक्त राज्य अमेरिकाका एक लाख सैन्य यमराजको पासोमा परेका थिए भन्ने सुन्दा मैले आँखा ठूलो पारी, लामो श्वास तानी जिब्रो काढेँ। युद्धका हृदयविदारक घटनाहरू हाम्रा गाइडले उल्लेख गरेको सुन्दा साँच्चै जीउ सिरिङ्ङ भएको थियो र ईश्वरको अनुकम्पाले फेरि यस्तो मानवगल्ती नदोहोरियोस् भन्ने भाव मनमा आएको थियो।

**फ्रान्सिसीहरू आज पनि सानसित बिहा गर्छन्**



एक दिन दिउँसोतिर आफू बसेकै होटेलमा एक्लै बसी कफी पिइरहेको थिएँ। आफूले फ्रेन्च भाषा नजानेको हुँदा आगन्तुक ग्राहकहरूसँग बोल्ने हिम्मतचाहिँ गरिनँ। यत्तिकैमा आफूसँग भएको 'फ्रान्स इन्फर्मेसन' नामक अङ्ग्रेजी भाषाको पत्रिका अनायास सरसरती पल्टाउँदै यसका चित्रहरू हेर्न थालेँ। यत्तिकैमा एउटा लेखले मेरो ध्यानाकर्षण गऱ्यो। 'फ्रेन्स स्टिल म्यारी इन स्टाइल' शीर्षकको रोचक ज्ञानवर्द्धक लेखमा पन्ध्र-सोह्र वर्षदेखि अहिलेसम्म फ्रेन्चहरूको विवाहपद्धतिमा खास परिवर्तन नभएको आशय प्रस्तुत गरिएको रहेछ। फ्रान्समा प्रत्येक वर्ष विवाह हुने नवदम्पतीहरूको सङ्ख्यामा पनि एकरूपता नै भएको रहेछ। जस्तो कि सन् १९७० मा ३९३००० नवदम्पतीहरूले वैवाहिक सम्बन्ध स्थापित गरेका थिए भने सन् १९७३ मा यो सङ्ख्या ४००००० पुग्यो, तर १९७६ मा यसको सङ्ख्या ३८५००० मा ओर्लियो। वैवाहिक उमेरको हकमा पनि हामीकहाँ जस्तै रहेछ यद्यपि पहिलेभन्दा अहिले फ्रान्समा अलि चाँडै वैवाहिक सम्बन्ध स्थापना हुन लागेको छ। उदाहरणार्थ द्वितीय विश्वयुद्धको हाराहारीमा फ्रान्सेली युवकयुवतीहरू क्रमशः २७ र २४ वर्ष पुगेपछि मात्र आफूलाई विवाहयोग्य सम्झन्थे भने अहिले यो उमेर क्रमशः २४ र २२ मा ओर्लेको छ। अधिकांश फ्रान्सेली दम्पतीहरूको मिलन 'म्याट्रिमोनियल एजेन्सिज्' (वैवाहिक सम्बन्ध स्थापित गरिदिने संघसंस्था) तथा वैवाहिक विज्ञापनको माध्यमद्वारा स्थापित हुँदो रहेछ। दैनिक अखबार 'चासियोर फ्रन्टसेइ' नामक पत्रिकामा मात्र एक महिनामा सोह्र-सत्र सय विवाहउत्सुक उम्मेदवार (युवकयुवती दुवै) को व्यक्तिगत वैवाहिक विज्ञापन हुँदो रहेछ। यसरी पश्चिमी मुलुकमा पनि हामीकहाँ जस्तै मध्यस्थको माध्यमद्वारा वैवाहिक सम्बन्ध धेरैको हुँदो रहेछ भन्ने तथ्य यस लेखबाट प्रस्टिएको थियो। हो, हामीकहाँ भने विवाहका लागि विज्ञापन गर्ने-गराउने अहिलेसम्म चलन सुरु भएको छैन, यद्यपि छिमेकी भारतमा भने यसको थालनी भइसकेको छ। तर यसो सोचेर हेर्दा फिल्मको देखासिकी उच्छृङ्खल प्रेमविवाह भने धेरैजसो असफल भएको नै पाइएको छ। अतः के हामीकहाँ हाम्रै रीतिथितिअनुसार लमीद्वारा वैवाहिक सम्बन्ध स्थापित गर्ने-गराउने परिपाटीलाई सुदृढीकरण गर्न नसकिएला त ? यद्यपि हाम्रो रीतिअनुसार लमीको माध्यमद्वारा विवाहित मजस्तो व्यक्तिले यस विषयमा अरू फलाक्दा एकलकाँटे बन्न नपुगिएला भन्न सकिन्न।

**नट्रडाम**

हाम्रा लागि स्वयम्भू र पशुपति जति महत्वपूर्ण छ, पेरिसेलीहरूका लागि त्यत्तिकै धार्मिक महत्व दिने नट्रडाम चर्च रहेछ। पेरिसको स्मृतिलाई खोतल्दा त्यहाँ बिताएको एक दिन पनि आँखाअगाडि पर्दछ। पुरानो गिर्जाघरलाई भत्काई हालको कलात्मक भवनको निर्माणकार्य सन् ११६३ मा सुरु भई सम्पूर्णता प्राप्त गर्न उन्नाइस वर्ष लागेको त्यो चर्चको वास्तुकलाको भव्यता देख्दा मैले चकित हुनुपऱ्यो। यो गिर्जाघरमा चहार्दा मलाई आफ्नै देशको एक्काइस गजुर भएको राजा सिद्धिनरसिंहले बनाएको पाटनको कृष्णमन्दिरको झलझली सम्झना भयो। बाहिरी बनोटकलामा विभेद भए तापनि यी दुवै मन्दिर तथा गिर्जाघर आआफ्ना देशका उत्कृष्ट कालिगडीका नमुना र अमूल्य राष्ट्रिय सम्पत्ति हुन्। जसरी कृष्णमन्दिरका भित्ताका पत्थरहरूमा रामायण तथा महाभारतका कथाका मुख्यमुख्य घटनाका चित्रहरू कुँदिएका छन् त्यस्तै यो नट्रडाम चर्चभित्रका ठूला अग्ला झ्यालढोकाका खापाहरूमा रङ्गीन ऐनाका टुक्राहरू मिलाएर बनाइएका क्राइस्टका जीवनचरित्रका झाँक्रीहरू सजीव देखिन्छन्।

चारैतिर नदीले घेरिएको यो नट्रडाम भएको सानो ठाउँको ऐतिहासिक पृष्ठभूमि उच्च रहेछ। सुरक्षाको दृष्टिकोणले उपयुक्त यस टापुजस्तो ठाउँमा सर्वप्रथम मानिसहरूको आबादी र जनसङ्ख्या बढ्दै गएपछि विस्तृतीकरण हुँदै गएर त्यसको नाम नै पेरिस हुन पुगेछ। यो भयो पेरिस सहरको नामकरणको कथा। अर्को कुरा, टापुजस्तो यस ठाउँको इतिहास दोस्रो शताब्दीदेखि सुरु हुन्छ र यसै बेलातिर रोमनहरूले यहाँ आक्रमण गरी आफ्नो प्रभुत्व जमाएका रहेछन्। यही ठाउँलाई आफ्नो अखाडा बनाई रोमनहरूले फ्रान्सका अधिकांश भागहरूमा विजय प्राप्त गरेका हुन्छन् र तदुपरान्त तिनीहरूले सन् ३६० मा फ्रान्समा सर्वप्रथम राजसत्ता स्थापित गर्छन्। पछि सन् ४५१ मा फ्रान्समा 'हन्स' जातिहरूले निकै उत्पात मच्चाएका थिए तर तिनीहरू त्यहाँ स्थायी रूपले नबसी अन्ततिर लागे। पछि यहाँ पाँचौं शताब्दीतिर जर्मनीको राइन नदीको आसपास बस्ने 'फ्रेन्क्स' भन्ने जातिले आक्रमण गरी पेरिसलाई हात लगाउन सफल हुन्छन् र सन् ५०० मा आफ्ना नाइके क्लोभिस पहिलोलाई नट्रडाम गिर्जाघरमा राज्याभिषेक गराउँछन्। त्यसै बेलादेखि फ्रान्सका अधिकांश राजाहरूको धुमधामसँग राज्याभिषेक हुने पवित्र स्थल यो नट्रडाम नै हो भन्ने सुन्दा मलाई आफ्नै राजाको राज्याभिषेक हनुमानढोकाको नासलचोकमा सम्पन्न भएको झलझली सम्झना हुन्छ। यो नट्रडाम रहेको स्थान पनि बडो गजब रहेछ। यसको विषयमा जति जान्यो उति यसको महत्ता सम्झिने। मैले दिनभरिमा धेरैपल्ट यहाँ फन्को मारेको थिएँ। यो त्यही ठाउँ रहेछ जहाँ विश्वप्रसिद्ध सम्राट् नेपोलियन प्रथमको राज्याभिषेक पनि सन् १८०४ को डिसेम्बर २ तारिखमा सुसम्पन्न भएको थियो। अर्को चाखलाग्दो पक्ष के रहेछ भने पेरिसलाई कब्जा गरी शासन गर्ने ती जर्मनीका फ्रेन्क्स जातिको नामबाट नै त्यस देशलाई फ्रान्स र त्यहाँको मुद्रालाई फ्याङ्क भनिएको तथ्य पनि आफ्नो जिज्ञासा र कौतूहलको प्रतिफलस्वरूप थाहा पाएको हुन्छु।

*क्रमशः*

# भारतको कूटनीतिक पराजय



विष्णु भट्टराई

१४ फेब्रुअरीमा भारत नियन्त्रित काश्मिरको पुलवामामा भएको हमलाको जिम्मेवारी लिएको जैश-ए-मोहम्मद पाकिस्तान प्रशासित 'आजाद काश्मिर' क्षेत्रलाई केन्द्र बनाएर आफ्ना गतिविधि सञ्चालन गरिरहेको समूह हो । जसले भारत प्रशासित काश्मिरमा आफ्ना हिंसात्मक गतिविधि गर्ने गरेको छ । जसलाई भारतले आफ्नो देशमाथि अस्थिरता फैलाउन गरिएको गतिविधिका रुपमा लिने गरेको छ । जैश-ए-मोहम्मदको शाब्दिक अर्थ मोहम्मदको सेना हुन्छ ।

सन् १९९९ मा भारतीय एअरलाइन्सको विमान अपहरणकर्ताहरूको मागबमोजिम यात्रुहरूलाई सकुशल छाडिदिने शर्तमा भारतले उनलाई जेलबाट रिहा गरिदिएको थियो। त्यसबेला सो विमानलाई नेपालको काठमाडौंबाट अपहरण गरी तालिबान शासन रहेको अफगानिस्तानमा पुऱ्याइएको थियो । तिनै मसूद अजरले जैश समूहको गठन गरेका हुन् । उनले त्यसै बेला नै तालिबान नेता मुल्लाह ओमार र अलकायदाका नेता ओसामा बिन लादेनलाई भेटेको अनुमान गरिन्छ । सन् २००१ मा भारतको केन्द्रीय संसदमा आक्रमण भएको थियो । सो हमलामा जैश-ए-मोहम्मद समूहकै हात रहेको भारतको दाबी छ । पाकिस्तानले त्यसलगत्तै सो समूहमाथि प्रतिबन्ध लगायो । तर अझै पनि यो समूह क्रियाशील छ ।

भारतले सन् २०१६ को जनवरीमा पाकिस्तानको सीमानजिकैको पठानकोटस्थित हवाई सैन्य अखडामा भएको आक्रमणमा पनि यही समूह जिम्मेवार रहेको बताइन्छ। यो घटनामा तीन जना भारतीय सुरक्षाकर्मी मारिएका थिए । सन् २०१७ को डिसेम्बरमा भारतीय सेनाको कारबाहीमा जैश-ए-मोहम्मदका कमान्डर नुर मोहम्मद तान्त्रेको मृत्यु भएको थियो । यसले सो संगठनलाई ठूलो धक्का लागेको अनुमान गरिएको थियो । यद्यपि यो संगठनका गतिविधि रोकिएनन् ।

भारतले यसको विस्तार भइरहनुका पछि पाकिस्तान सरकारको समर्थन नै मुख्य कारण भएको बताउँने गरेको छ । तर पाकिस्तानले यसलाई अस्वीकार गर्छ। यो समूहले पाकिस्तानी सेनामाथि पनि हमला गरेकाले पाकिस्तान पनि यसबाट पीडित छ । सन् २००३ मा सो समूहले पाकिस्तानका तत्कालीन नेता परवेज मुशर्रफमाथि घातक आक्रमणको प्रयास गरेको थियो । १४ फेब्रुअरीको पुलवामा हमलापछि भारतले पाकिस्तानको बालाकोटमा जैशको तालिम केन्द्रलाई ध्वस्त पारेको भन्दै लडाकू विमानमार्फत हमला गरेपछि भारत र पाकिस्तानबीच नियन्त्रण रेखामा तनावको अवस्था सिर्जना भयो ।

चीन भारत र पाकिस्तानबीचको संघर्षमा मध्यस्थताको भूमिका खोजिरहेको छ । यो प्रयासमा पाकिस्तान पनि नरिसाओस र भारतसँगको आगामी सम्बन्ध निर्माणको बाटोमा पनि कुनै असर नपरोस् भन्ने चिनियाँ चाहाना देखिन्छ ।

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदमा अमेरिका, बेलायत र फ्रान्सले मसूद अजहरलाई राष्ट्र संघको आतंकवादी सूचीमा राख्ने प्रस्ताव गरेका थिए । तर बुधबार चीनले यो प्रस्तावमाथि भिटो शक्तिको प्रयोग गरेर असफल पारिदिएपछि अब कम्तिमा ९ महिना मसूद अहजर राष्ट्र संघको आतंकवादी सूचीमा नपर्ने निश्चित भएको छ । यसअघि चीनले तीन पटक मसूद अजहरलाई 'वैश्विक आतंकवादी' घोषणा गर्ने प्रयास असफल पारिसकेको छ ।

चौथो पटक यो प्रस्ताव असफल भएपछि यही प्रस्ताव ९ महिनासम्म सुरक्षा परिषदमा प्रस्तुत हुनेछैन । नौ महिनापछि पनि चीनले यो प्रस्तावलाई भिटो शक्तिको प्रयोग गरी विफल पारिदिन सक्नेछ। चीनले यसपटक मसूद अजहरमाथि प्रतिबन्ध लगाउने विषयमा प्रष्ट हुन अध्ययनका लागि समय चाहिने बताएको छ। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्समक्ष अजहरको सम्पत्ति रोक्का, यात्रा प्रतिबन्ध तथा हातहतियार प्रतिबन्ध लगाउने प्रस्ताव लगिएको थियो । फ्रान्सले भने उनको सम्पूर्ण सम्पत्ति रोक्का गर्ने निर्णय गरिसकेको छ ।





राष्ट्रसंघ सुरक्षा परिषदका स्थायी र भिटो अधिकार प्राप्त राष्ट्रले कुनै पनि प्रस्ताव आफूलाई चित्त बुझ्नेन वा त्यसमाथि कुनै महत्वाकांक्षा जोडिएको छ भने त्यसलाई भिटो शक्तिको प्रयोग गरी रोकिदिन सक्छन्। तत्कालीन सोभियत संघले भारतको पक्ष लिँदै पटक पटक काश्मिरबारे पाकिस्तानको प्रस्ताव रोकिदिएको थियो। शीत युद्धको यो समयमा भारत सोभियत संघ निकट थियो भने पाकिस्तान अमेरिका नेतृत्वको सैनिक संगठन सीटोको सदस्य थियो ।

उत्तर कोरियामाथि प्रतिबन्धको प्रस्तावहरु चीनले असफल पारेका घटना ताजै छन् । यस्तै इजराजयल र प्यालेस्टाइनबीचको विवादका विषयमा पर्ने कुनै पनि प्रस्ताव अमेरिकाले इजरायलको पक्ष लिँदै असफल पार्दै आएको छ। यसपटक फेरि चीनले हिंसात्मक क्रियाकलापमा संलग्न भएको जैश-ए-मोहम्मद समूहका नेता मसूद अजहरलाई आतंकवादी सूचीमा राख्ने प्रस्ताव असफल पारिदिएको हो ।

चीनले प्रस्तावबारे अध्ययन गर्न थप समय चाहिने दाबी गरेको छ । जसले अब ९ महिनासम्मका लागि यो प्रस्ताव रोकिएको छ । चीनले चौथो पटक पनि यो प्रस्ताव रोकिदिएपछि पाकिस्तानको समर्थनमा चीनले त्यसरी प्रस्ताव स्थगन गराइदिने गरेको दिल्लीको बुझाइ छ । भारतले अमेरिका, बेलायत र फ्रान्सलाई प्रस्ताव अघि बढाएकोमा धन्यवाद पनि दिएको छ ।

उसले जैशका भारतीय नागरिकविरोधी हमलामा संलग्न आतंककारीहरुलाई कानुनी कठघरामा ल्याउन सबै उपाय अबलम्बन गर्ने पनि जनाएको छ । चीनले भने आफूले एक 'जिम्मेवारपूर्ण व्यवहार' को समर्थन गर्न खोजेको तथा सो मुद्दाबारे 'सम्बन्धित पक्षहरूसँग वार्तामार्फत' समाधान गर्न खोजेको बताएको छ ।

चीन एसियाको मात्रै होइन विश्वकै प्रमुख शक्ति राष्ट्र हो । अहिलेकै रफ्तारलाई कायम राख्ने हो भने अबका केही वर्षमा चीनले अमेरिकालाई सबै आर्थिक, कूटनीतिक, सामाजिक र सामरिकसहित सबै हिसाबले पछि छाड्नेछ । विश्वमा अहिले अमेरिकाको प्रभाव घट्दो र चीनको प्रभाव बढ्दो अवस्थामा छ । यसलाई मध्यनजर गर्दै विश्वका शक्ति राष्ट्रहरु यतिबेला चीनलाई 'साइज' मा राख्न विभिन्न घेराबन्दीको प्रयासरत छन् ।

चीन आफ्नो बढ्दो भूमिका र शक्तिकै कारण यस क्षेत्रमा हुने गतिविधिमा चासो मात्रै राख्दैन, त्यसमाथि आफ्नो भूमिका स्थापित गराउँन चाहन्छ । यसलाई चीनको कूटनीतिक व्यवहारमा आएको परिवर्तनका रुपमा लिन सकिन्छ । त्यसैले चीन यो घटनामा पनि भारत र पाकिस्तानबीच मध्यस्थता गर्न चाहन्छ । चीन र भारत आफैंमा यस क्षेत्रका प्रतिस्पर्धी शक्तिका रुपमा छन् ।

चीन र भारतबीचको लामो सीमा क्षेत्रमा थुप्रै विवाद छन् । चीन भारतभन्दा धेरै शक्तिशाली बनिसकेको छ। मसूद अजहर र आतंकवादसम्बन्धि यो घटनामा पनि चीन आफ्नो कूटनीति प्रयोग गर्दै मध्यस्थताको भूमिका खोजिरहेको छ । अहिलेको यो भिटो शक्ति प्रयोगको घटनालाई पनि यसैसँग जोडेर हेरिएको छ । कतिपयले यो घटनालाई कूटनीतिक क्षेत्रमा भारतको हारका रुपमा समेत व्याख्या गरेका छन् ।

चीनले विदेशमन्त्री पाकिस्तान पठायो र भारतसँग पनि कुराकानी गरेर मध्यस्थता गर्ने इच्छा व्यक्त गऱ्यो । यो पछिल्लो परिघटनापछि अब चीनले भारत र पाकिस्तानबीचको तनावको अवस्थालाई कूटनीतिमार्फत समाधानका लागि आफ्नो प्रयास तिव्र बनाउने अनुमान कतिपयको छ ।

चीन र पाकिस्तानको सम्बन्ध धेरै घनिष्ट छ। शीत युद्धकै समयदेखि दुई देशबीच राम्रो सम्बन्ध रहँदै आएको छ । चीनले पाकिस्तानमा चीन-पाकिस्तान इकोनोमिक करिडोर (सीपेक) परियोजनालाई ठूलो लगानी गरिरहेको छ । चीन पाकिस्तानमा आफूले गरिरहेको लगानीलाई 'बालुवामा पानी' हालेको जस्तो व्यर्थ बन्न दिँन चाँहदैन । यो परियोजना चीन र पाकिस्तान दुवैका लागि महत्वपूर्ण छ । मसूद अजहरमाथिको प्रतिबन्धमा रोक लगाउने कुरा उसको पाकिस्तानसँग रहेको सम्बन्धको नतिजा पनि हो । तर चीनले यो वार्तामा भारतलाई पनि सँगै लिएर जान चाहेको देखिन्छ । विश्व परिदृश्यलाई हेर्ने हो भने पछिल्ला केही वर्षदेखि सम्बन्धमा उथलपुथल नै आएको पाइन्छ ।

*एजेन्सीको सहयोगमा*

# शुक्लाफाँटा महोत्सव



कञ्चनपुर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धनका लागि शुक्लाफाँटा पर्यटन महोत्सव आयोजना हुने भएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनका लागि भीमदत्त नगरपालिकाको पहलमा निकुञ्जसँगको सहकार्यमा चैत १५ देखि २१ गतेसम्म महोत्सव आयोजना गर्न लागिएको हो । निकुञ्जमा पर्यटक बढाउनका लागि पर्यटन महोत्सव आयोजना हुन लागेको नगरप्रमुख सुरेन्द्र विष्टले बताए । शुक्लाफाँटा जैविक विविधताले भरिपूर्ण रहेको चर्चा गर्दै उनले जैविक विविधताले भरिपूर्ण निकुञ्ज खुला विश्वविद्यालय जस्तो भएको बताए । नगरप्रमुख विष्टले निकुञ्जमा पर्यटन प्रवर्द्धनका लागि शुक्लाफाँटा पर्यटनमार्ग निर्माण, झोलुङ्गे पुल नजिक उद्यान र पार्क निर्माण, राना थारू होम प्रवर्द्धनका लागि सहयोग गरिएको जानकारी दिए ।

भीमदत्त नगरपालिकामा झोलुङ्गे पुल आउने पर्यटकलाई बाल उद्यान र वनभोजस्थल भएर हात्तीसार हुँदै राना थारू घरबास (होमस्टे) पुऱ्याउने लक्ष्यसहित पुल नजिक बाल उद्यान र पार्क बनाउन बजेट विनियोजन गरिएको छ । भीमदत्तले नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन सन २०१९ लाई प्रचार र पूर्वाधार वर्ष घोषणा गरेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँग जोडिएका भीमदत्त नगरपालिका, माहाकाली नगरपालिका, वेदकोट नगरपालिका, शुक्लाफाँटा नगरपालिका र बेल्डाँडी गाउँपालिकासहित सरोकारवालाले संयुक्तरूपमा महोत्सव आयोजना गर्न लागेका हुन् ।

३ सय ५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्जमा बाह्रसिंगेको झुण्ड सबैभन्दा आकर्षक मान्ने गरिएको छ । निकुञ्जमा जम्मा दुई हजार ३४० बाह्रसिङ्गे छन । भीमदत्त नगरपालिकाका नगरप्रमुख सुरेन्द्र विष्टको संयोजकत्वमा शुक्लाफाँटा पर्यटन महोत्सव आयोजना गर्नका लागि मूल तयारी समिति गठन गरिएको छ ।

# पर्यटनको क्षेत्रमा "रिचार्डको अगुवाई



काठमाडौं । एक नेपाली युवा जसको नाम अंग्रेजी भाषामा पनि सम्बन्धित छ । ती युवाको नाम हो रिचार्ड बञ्जरा । धादिङ जिल्लाको सल्यानकोटकोमा जन्मिएका युवा राम प्रसाद बञ्जरा (रिचार्ड) १५ वर्षकै उमेर देखी ट्रेकिङ व्यवसायमा तथा पर्यटन प्रवर्धनमा संलग्न हुदै आएका छन् ।

उनले हालसम्म चार सय भन्दा बढी पर्यटकहरुलाई पथप्रदर्शकको रुपमा नेपालका विभिन्न पर्यटकीय एवं रमणिय ठाउँका दृश्यहरुको मनमोहकताको स्वाद चखाउन सफल भएका छन् । उनि युवा बञ्जराले मनास्लु पदयात्रा, अन्नपुर्ण पदयात्रा, एभरेष्ट पदयात्रा, घोरेपानी पदयात्रा लगायत दर्जनौं रमणीय स्थानहरुमा अवलोकन गराइसकेका छन् ।

सोही क्रममा उनले सिंगापुर, मलेसिया, थाईल्याण्ड, ईन्डोनेसिया, बंगलादेश, भारत लगायतका देश तथा विभिन्न स्थानहरुको भ्रमण समेत गरिसकेका छन् । उनले सानै उमेरदेखि पर्यटन व्यवसाय मात्र नभइ पढाईमा पनि साथमै अघि बढाएका छन् ।

रिचार्ड बञ्जरा हाल प्रिन्सेस नेशनल कलेजमा स्नातक तहमा अध्यनरतसमेत छन् । नेपालका बारेमा राम्रोसँग नबुझी पदयात्रामा आउने पर्यटकहरुले आफ्नै देशको जस्तो सुविधा खोज्दा यात्रा गर्ने क्रममा कहिलेकाहीं असहज हुने पनि युवा बञ्जराले बताए ।

उनीहरुलाई नेपालको वास्तविकता बुझाउँदा र नेपालको दृश्यहरुसँग रमाउँदाको खुशी व्यक्त गर्न शब्दमा कठिन हुने गरेको उनको भनाई छ । खास यात्राका क्रममा पर्यटकहरुलाई हाईअल्टिच्यूटले गर्ने समस्याहरु भएता पनि तथापी आफ्नो टोलीले यात्रालाई आजसम्म नरोकेको बञ्जराले बताए ।

हाईअल्टिच्युटका विमारीहरुलाई रेस्क्यू गरेर सुरक्षित स्थानमा पपठाई यात्रालाई अघि वढाउने गरेका रिचार्डले नेपालको पर्यटन प्रवर्धनले देशको विकासमा समेत सहयोगपुर्याउन सक्नेमा आफु विश्वस्त रहेको दाबी गरे । नेपालको पर्यटन प्रवर्द्धनको लागी विश्वका विकसित देशमा गएर प्रचार प्रसार गर्नु पर्नेमा जोड दिँदै भावी दिनहरुमा आफुले पनि उक्त कार्यमा अग्रसरता दिने बञ्जराले वताए ।

# योग अध्यात्म

चञ्चल चाँदनी ढकाल



योग भन्नाले जोड्नु अर्थात पूर्ण हुनु हो । युजिनंयोगे : जोड्नु । युजंसमाधौ : समाधिको स्थितिमा पुग्नु हो । युजंसम्यमने : सम्यम गर्नु हो । आत्मासँग परमात्मालाई जोड्न सक्नु नै योग हो । योग अध्यात्मको दृष्टिबाट सोच्ने हो भने यो पूर्ण सत्य हो । अनमोल जीवनको सार्थकता पूर्णता प्राप्तिमा नै छ । तर दुर्भाग्य सांसारिक मानिस योग अध्यात्मबाट विमुख भएकोले अपूर्ण अस्वस्थ, असफलता, अन्धकार र मृत्युलाई मात्र सत्य ठानिरहेको छ । योग साधनाद्वारा पूर्णता सार्थकता, सफलता र दिव्यता र अमरत्व प्राप्त गर्न सकिन्छ । पूर्वज महापुरुष, साधुसन्त, ऋषि महर्षि र योगीजनहरुको हेर्ने हो भने यो कुरा छर्लङ्ग हुन्छ ।

शक्ति नै सत्य हो । नियमित गरिने योग साधनाले असाधारण शक्ति पाइन्छ । योग उद्योगमा, प्रयोगमा र पुरुषार्थमा विश्वास गर्दछ । अनि आफूले प्राप्त गरेको शक्तिलाई समाजको कल्याणमा प्रयोग गर्दछ । योगको दिव्य उपदेश पनि यही हो । आज विश्वका प्रायःजसो देशमा योगले विस्तार र व्यापकता पाइरहेको छ । त्यसमाथि हाम्रो नेपाल त झन योगको लागि आधिकारिक र उर्वर भूमि हो । योगको जन्मभूमि हाम्रै देश नेपाल भएकोले योगको सम्बर्द्धन र संरक्षण गर्नु हाम्रो परम कर्तव्य हो । त्यसैले हामी योगको बारेमा चिन्तनशील बनौं, जागौं र योगमय जीवनयापन गरौं । नत्र भए हामी बत्तीमुनिको अन्धकारमा रहनेछौं ।

योग भन्नु नै अध्यात्म हो र अध्यात्म भन्नु नै योग हो । धर्मको अथवा अध्यात्मको व्यावहारिक प्रयोग नै योग हो । योगसाधना गर्नुको मुख्य उद्देश्य नै सरल, सात्विक र सत्यमय जीवनशैली अपनाएर आफू पनि प्रकाशित र आनन्दमय बनी अरुलाई पनि आनन्दित र प्रकाशित बनाइ अमरत्व अर्थात मोक्ष प्राप्ति गर्नु हो ।

सबै दर्शनहरु आफ्नो ठाउँमा महत्वपूर्ण भए पनि योगलाई विशिष्ट दर्शन मान्न सकिन्छ । योगदर्शनका व्याख्याकार र भाष्यकार विश्वगुरु भगवान वेदव्यास हुनुहुन्छ । भगवान शिवपछिका योगका आदि आचार्य हिरण्यगर्भ हुन् । हिरण्यगर्भको व्यक्तताको आधारमा ऋषि पतन्जलीले योगशुत्रको रचना गर्नुभयो । विश्व जगतमा सबभन्दा बढी चर्चा र प्रयोग भएको योगशुत्रको रचना ऋषि पतन्जीकै अष्टाङ्ग योग हो । अष्टाङ्ग योगमा ज्ञान विज्ञान, प्रविधिको उच्चतम प्रयोग गरिएको छ । विदेशी विद्वान र वैज्ञानिकहरुका अनुसार पतन्जलीको योगशुत्रमा भगवान बुद्ध र अलबर्ट आइन्स्टाइनलाई सँगसँगै भेट्न सकिन्छ । ज्ञान विज्ञान, अध्यात्म र योगमय जीवनशैली त भाग्यमानी महापुरुषहरुले मात्र प्राप्त गर्दैछन् । महापुरुषहरुले नै यो पृथ्वीको समग्र ऐश्वर्य भोग अनुशासित भएर भोग्छन् र समाजलाई नयाँ देन पनि दिइरहेका छन् । परमात्माको आशीर्वाद र अनुकम्पा पनि प्राप्त गरिरहेका हुन्छन् । अध्यात्म जगतका क्रान्तिकारी योगी स्वामी विवेकानन्द भन्नुहुन्छ- 'जहाँ विज्ञानको क्षेत्र टुंगिन्छ त्यहीँबाट धर्मक्षेत्र शुरु हुन्छ ।' मानिसको हृदयमा अन्तर्निहित दैवी सत्ताको व्याप्तता नै धर्म हो ।' धर्मको प्रयोग योगविज्ञानभित्र मात्र छ ।

योगविज्ञान सबै धर्म जाति सम्प्रदाय वर्ग लिंग सीमा समय देश मतमतान्तर र आस्तिक नास्तिकको सोचभन्दा माथि उठेको विलक्षण विज्ञान हो । त्यसैले नै योगले नै सबै प्रकारको सम्भावनाको ढोका खोली मानिसलाई रुपान्तरित गर्दछ ।

प्रेरक

## स्वतन्त्रता र सुन्दरता

एकपटक एउटा कागलाई आफू दुनियाँकै कुरुप प्रणालीजस्तो लाग्यो। उसले सोच्यो- न मेरो आवाज राम्रो छ, न पखेरा नै सुन्दर छन्। यस्तो कुरुप जिन्दगी के बाँच्नु। हीन भावनाले गर्दा ऊ उदास भयो।

एक दिन एउटा बकुल्लोसित उसको भेट भयो। बकुल्लोले उदासीको कारण सोध्यो। कागले बकुल्लोका सेता प्वाँखको बयान गर्दै आफू घिनलाग्दो भएकाले दुःखी भएको बतायो। बकुल्लाले आफूभन्दा सुगा कैयौं गुणा सुन्दर भएको बतायो। बकुल्लोको कुरा सुनेपछि काग सुगालाई खोज्दै जंगलतिर



गयो। सुगालाई भेटेपछि कागले उसको सुन्दरताको मन खोलेर प्रशंसा गर्‍यो। सुगाले आफूभन्दा मयुर निकै सुन्दर भएको बतायो। उसको रंगीचंगी प्वाँखको खुब बयान गर्‍यो।

सुगाको कुरा सुनेपछि कागले जंगलभरि मयुरलाई खोज्यो। तर उसले कतै पनि मयुरलाई भेटेन। सोधपुछका क्रममा उसले मयुर चिडियाखानामा रहेको थाहा पायो। ऊ सिधै चिडियाखाना पुग्यो। त्यहाँको एउटा ठूलो पिँजडामा केही मयुर थुनिएका थिए। मानिसहरु तिनलाई हेरेर रमाइरहेका थिए। कागले मयुरको सुन्दरताको प्रशंसा गर्दै उसलाई बधाई दियो। तर कागको बधाई सुनेपछि मयुर डाँको छाडेर रुन थाल्यो। केही बेरपछि आँसु पुछ्दै उसले भन्यो- हेर मित्र काग, सुन्दर नभएकोमा तिमी खुसी मनाऊ। किनकि तिमी स्वतन्त्रतापूर्वक जतातत‌ै घुम्न पाइरहेका छौ। तिमी पनि सुन्दर हुन्थ्यौ भने अहिले हामीजस्तै यो फलामे पिँजडामा हुने थियौ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ। बेसुरमा दिएको वचनले समस्या निम्त्याउनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला। आफन्तको सहयोग जुट्नाले काम बन्नेछ। साझेदारीबाट लाभ उठाउन सकिनेछ। लगनशीलताले फाइदा दिलाउनेछ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला।

### बृष

अवसर आए पनि काम थाल्नुअघि विचार पुर्‍याउनुहोला। सुरुमा काम बिग्रनाले दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। व्यापारलगायत आर्थिक लाभ हुने काममा मन्दी आउन सक्छ। लगनशीलताले परिस्थितिलाई बदल्न सकिनेछ। चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ।

### मिथुन

प्रशंसकहरू बढ्नेछन् भने शुभचिन्तकहरूले काममा सहयोग जुटाउनेछन्। विचारले धेरैलाई आफ्नो प्रभावमा ल्याउन सकिनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। बोलीको भरमा चिताएको काम सम्पादन गर्ने समय छ।

### कर्कट

रमाइलो दिन छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ।

### सिंह

आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। प्रयत्न गर्दा दिगो काम फेला पार्न सकिनेछ। सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ। तापनि पहिलेका कमजोरी सच्याउने अवसर प्राप्त हुनेछ। बसाइको स्थानान्तरण वा टाढाको यात्रा सम्भावना देखिन्छ।

### कन्या

अवसर प्राप्त भए पनि परिस्थितिवश केही समस्या समेत देखा पर्नेछन्। कामको राम्रै मूल्यांकन भए पनि आम्दानी बढाउन निकै मिहिनेत पर्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। प्रतिफल हातपार्न केही समय लाग्नेछ। महत्त्वपूर्ण काम बीचमा रोकिनाले आयआर्जन घट्न सक्छ। सरसापटमा धन बाहिरिनेछ भने खर्च बढ्नाले कर्जा लिनुपर्ने हुन सक्छ।

### तुला

बिग्रिएको सम्बन्ध सुधार्न निकै प्रयत्न गर्नुपर्ला। प्रक्रिया बिग्रनाले काममा बाधा हुन सक्छ। गोपनीयतामा सजग रहँदै प्रयत्न गर्दा विशेष जिम्मेवारी हातलागी हुनेछ। पुरुषार्थी काम गर्दै लाभ उठाउन सकिनेछ। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट विशेष सजग रहनुहोला। मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ। कर्मयोगले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ।

### वृश्चिक

मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ। चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ। समुदायको हितमा विशेष काम गर्न सकिनेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। अभाव हट्नुका साथै दाम र इनाम प्राप्त हुनेछ। धार्मिक अनुष्ठान र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ।

### धनु

परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ। फजुल खर्च बढ्ने र आर्थिक क्रियाकलापमा बाधा पुग्ने देखिन्छ।

### मकर

घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। अर्थअभावले सताउन सक्छ। मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ।

### कुम्भ

सानो काममा अधिक खर्च हुनाले चिन्ता बढ्नेछ। बाध्यतामा अलमलिनुपर्दा चिताएको काम रोकिन सक्छ। अवसरवादीहरूबाट विशेष सजग रहनुहोला। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ। मिहिनेत गर्दा अप्ठ्यारो काम समेत सम्पादन हुनेछ। काम पूरा नभए पनि आंशिक लाभ अवश्य हुनेछ। प्रतिस्पर्धाबाट नयाँ कामको अवसर प्राप्त हुनेछ।

### मीन

प्रयत्न गरेका काम बिस्तारै सम्पादन हुनेछन्। अध्ययनमा सामान्य उपलब्धि प्राप्त हुनेछ। काममा बाधा पुर्‍याउनेहरू सक्रिय हुने हुँदा सजग रहनुहोला। प्राविधिक ज्ञान सिक्ने अवसर प्राप्त हुनेछ। चिताएको काम पूर्ण नभए पनि फाइदाको स्रोत पहिल्याउन सकिनेछ। व्यवसायमा सोचेको धनलाभ नहुन सक्छ। सन्तान वा अनुयायीले भने साथ दिनेछन्।

## फेसन डिजाइनरको उपाधि चौधरीलाई

१७ जना प्रतिस्पर्धीलाई पछि पार्दै नवलपरासीकी शान्ति चौधरीले फेशन डिजाइनर कन्टेस्टको उपाधी जितेकी छन्। नेभारा फेशन डिजाइनर इन्स्टिच्यूट बुटवलको आयोजनामा बुटवलमा सम्पन्न प्रतियोगितामा २२ वर्षिया चौधरीले उपाधी सहित ताज, मेडल र प्रमाणपत्र हात पारेकी हुन्। प्रतियोगितामा बुटवलकी विनिता थापा फस्ट रनरअप, बुटवलकै माईया थारु सेकेण्ड रनरअप र रिना थापा क्षेत्रीले भ्युअर्स च्वाइसको उपाधि जितेका छन्। प्रतिस्पर्धी फेशन डिजाइनरहरुले नेपाली, आधुनिक तथा विभिन्न जनजातिका जातिय पहिरन प्रस्तुत गरेका थिए। फेशन डिजाइनका विद्यार्थीहरु आफुले तयार पारेका पहिरनमा मोडल बनेर स्टेजमा उत्रिएका थिए। बुटवलमा फेशन डिजाइन प्रतियोगिता सुस्ताएकाले निरन्तरता दिन प्रतियेगिता आयोजना गरिएको इन्स्टिच्युटका प्रवन्ध निर्देशक ध्रुव रानाले बताए।

## "नाचन नाचन" बोलको गीत सार्वजनिक

विगत २५ वर्षेदेखि नेपाली संगीत क्षेत्रमा निरन्तर लागि रहेका गायक सुरज कुमारले 'नाचन नाचन' बोलको गीत सार्वजनिक भएको छ। सन्तोष बस्न्यातको प्रस्तुति तथा शब्द र संगीत रहेको गीतमा गायन तथा संगीत संयोजन सुरज कुमार थापा स्वयंमको छ।

यो गीतको म्यूजिक भिडियोको निर्देशन अमृत शाही ठकुरीले गरेका छन् भने कलाकार हरुमा स्वयं अमृत शाही ठकुरी, मोनिका तामाङ, सन्तोष बस्न्यात, आर्य के.सी, सन्देश शर्मा र विविध ब्याण्डलाई प्रस्तुत गरिएको छ भने जी.ए.फेथ. डी. एम. क्रियशनको नृत्य प्रस्तुती छ।

ज्ञानेन्द्र शर्मा हुमाँगाईले छायाँकन गरेको भिडियोलाई विकाश ज्ञवालीले सम्पादन गरेका छन् भने नृत्य निर्देशक रे ज्याक खड्का, सहायक निर्देशन निरजन महत र मेक अप अनिता ग्वाचाको छ।

## बलिउड र हलिउडको असर नेपाली फिल्म निर्मातालाई

वैशाखको १३ गतेलाई चलचित्रको छायांकनदेखि प्रदर्शन मिति पक्का गरेर बसेको चलचित्र 'दाल भात तरकारी' एक साता पछि सरिदियो। यो चलचित्र वैशाख २० मा पुग्छ भनेर चलचित्रकर्मीले सोचेका थिएनन्। तर, वैशाख १३ मा रिलिज हुन लागेको हलिउड चलचित्र 'एभेन्जर' को डरले 'दाल भात तरकारी' जस्तो शक्तिशाली मानिएको चलचित्र पनि अछुतो रहेन। हुन त, यो चलचित्रको निर्माण टिमले हलिउड चलचित्र नभई आफ्नै चलचित्रको काम नसकिएको जानकारी दिदै आएको छ। 'एभेन्जर'लाई देशभरका हल खाली गर्दै मह संचारले बनाएको शक्तिशाली मानिएको चलचित्र एक साता पछि सऱ्यो।

यो चलचित्रलाई २ साता सम्मानका लागि छाड्ने भन्दै वैशाख २७ गतेलाई रिलिज मिति पक्का गरेको चलचित्र 'जात्रै जात्रा'को रिलिज मिति एक साता पछि धकेलियो। 'जात्रै जात्रा'को टिमले बलिउड चलचित्रलाई बाटो छाडेर आफ्नै देशका निर्माताको कठालो समात्यो। यो मितिमा पहिले नै 'विर विक्रम २'ले प्रदर्शन मिति तय गरेको थियो। अब, यी दुई चलचित्र जुध्दा असर दुबैलाई पर्छ। त्यो भन्दा पनि मानसिक रुपमा 'विर विक्रम २'मा लगानी गर्ने निर्मातामाथि तनाव बढ्छ।

'दाल भात तरकारी, जात्रै जात्रा' जस्ता शक्तिशाली चलचित्र पनि बलिउड र हलिउडको हेजोमोनीमा काँप्ने हो भने, ५२ हप्ताको एक बर्षमा आफू आफू जुधेर विदेशीलाई बाटो स्पष्ट छोडिदिने हो ? के हामीसँग बलिउडका कलाकारसँग जुधेर अगाडि बढ्ने हिम्मत पनि हराएको हो ? के यो संकारले नेपाली चलचित्रमा लगानी गर्ने वातावरण बन्ला ? के यसले निर्मातालाई मानसिक रुपमा कमजोर बनाउँदैन ? साँच्चै, चलचित्र क्षेत्र भद्रगोल नै भद्रगोल अवस्थामा कुँदिरहेको छ। यसलाई सम्हाल्ने कसले ? चलचित्र निर्माता संघ एकिकरण गरेर चलचित्र संघसँग ६० र ४० प्रतिशतको शेयरको बार्गेनिङ गर्ने बुँदा तयार गरेर मखख छ। तर, चलचित्रले हलबाट पैसा नकमाएपछि ६० र ४० त के पूर्ण शेयर दिएर पनि कुनै अर्थ छैन।

## दीलिप-शिवहरी चलचित्र निर्माणमा

'६ एकान ६' हुँदै 'छक्का पञ्जा' को तीनवटै सिरिज सुपरहिट भएपछि अहिले प्रायः फिल्ममेकर कमेडीको चास्नी हालेर धमाधम फिल्म बनाइरहेका छन्। फिल्म 'लुट' हिट भएपछि 'डबल मिनिङ' लाग्ने संवाद हालेर अनगिन्ती फिल्म बने। यो क्रम अझै रोकिएको छ। 'छक्का पञ्जा' सिरिज हिट भएपछि जबरजस्ती रुपमै कमेडी घुसाएर फिल्म बन्ने क्रम पनि निकै बढेको छ।

दशकपछि हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठ 'शत्रु गते' बाट पुनः फिल्म निर्माणमा लागे। सिताराम कट्टेल र कुञ्जना घिमिरे पनि फिल्म बनाउने तयारीमा छन्। चर्चित हास्यटेलिसियल 'भद्रगोल' को टिम पनि कमेडी फिल्म बनाउँदैछ। यसबीच, दीपकराज गिरी (दीपाश्री निरौला र महजोडीले निर्माण गरेका हरेक फिल्ममा सहकार्य गर्दै आएका चर्चित हास्यकलाकार शिवहरी पौडेल पनि अब फिल्म निर्माणमा औपचारिक रुपमा होमिने भएका छन्। निर्माण मात्र नभएर उनले फिल्म निर्देशनको चुनौतीपूर्ण जिम्मेवारी पनि उठाउने भएका छन्।

लामो समय हाँस्य टेलिश्रृङ्खला 'जिरे खुर्सानी' मा निर्देशन र अभिनय गरेका उनले हास्यकलाकार किरण केसी र अभिनेता दीलिप रायमाझीसँग मिलेर फिल्म बनाउन लागेका हुन्। अहिले नेपाली फिल्मको डरलाग्दो माहोल भएका कारण तत्काल फ्लोरमा जाने आँट जुटाउन नसकेको उनी बताउँछन्।

*अनलाइनहरुबाट*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Cynical = सबै खाली स्वार्थबस काम गर्दछन् भन्ने सोचाइ People in Nepal are very cynical about democracy because it brought rampant corruption everywhere (नेपालीहरू प्रजातन्त्रलाई स्वार्थीहरूको चलखेल मान्छन् किनकी प्रजातन्त्रले भ्रष्टाचारबाहेक उनीहरूलाई केही पनि दिएन)

Dissolution = भंग गर्नु After years of working together, they declared the dissolution of their partnership (वर्षौंसम्म सँगसँगै काम गरिसकेपछि तिनीहरूले आफ्नो साझेदारी भंग गर्ने निर्णय गरे)

Extricate=मुक्त गर्नु, Finally he extricated himself from his unsuccessful love affairs (अन्त्यमा आएर उसले आफूलाई असफल प्रेमको चंगुलबाट मुक्त गर्‍यो)

Frieze = सज्जापूर्ण कलाको लागि भित्तामा छुट्टाइएको ठाउँ Mostly the frieze of the church and temple are adorned with sculpture (मन्दिर वा चर्चमा कलाको लागि छुट्टाइएका भित्ताहरू विशेष गरी मुर्तिहरूद्वारा सजाइएको हुन्छ)

Gratuitous = अनावश्यक किसिमले गरिएको For the gratuitous insult made by his colleagues, he boycotted the meeting (सहकर्मीहरूले अनावश्यक किसिमबाट गरिएको बेइज्जतीको कारण उसले वैठक बहिष्कार गर्‍यो)

Hindmost = सबैभन्दा पछाडिको Normally the weak students prefer the hindmost bench for they scare of the teacher's question साधारणतया कमजोर विद्यार्थीहरू गुरुले प्रश्न सोध्लान् कि भन्ने डरले सबैभन्दा पछाडिको बेञ्चमा बस्छन्)

Hypocrisy = आफू व्यवहारमा जे होइन त्यै हो भनेर छकाउन खोज्ने प्रवृत्ति By nature he is feudal but his attempt to be social is nothing but hypocrisy स्वभावैले सामन्त हुँदा हुँदै पनि सामाजिक बन्ने उसको प्रयत्न अरूलाई छकाउन खोज्नु मात्रै हो )

Insinuate = घुमाउरो पाराले इंगित गर्नु He says that I look robust but in reality he means to insinuate that I am getting fat (म मोटो भएर भद्दा देखिए भन्नुभन्दा ऊ घुमाउरो पाराले म सधैं दरिलो देखिन्छु भन्छ)

Lofty = चुलिएको Lofty mountains are the beauties of our landscape (चुलिएका पहाडहरू नेपाली धरातलका सौन्दर्यहरू हुन्)

Motley = बहुरंगी In former times, jesters in West used to wear motley coat (पहिले पहिले पश्चिमी देशहरूमा हास्यव्यंग्य गर्नेहरूले बहुरंगी कोट लगाउँथे)

## शक्ति स्वरुपा पाचकन्या गड्यौली माई



"म यहाँ गढेर बसेकी छु, मलाई उत्खनन गरी निकाल देशको पनि कल्याण हुन्छ, तिमीहरूको पनि कल्याण हुन्छ" भनी नानु मातालाई सपनामा भन्दै आउनु भएबमोजिम २०६८ चैत्र ४ गते उत्पत्ति हुनुभएकी श्री शक्ति स्वरुपा पाँचकन्या गड्यौली माई मन्दिर नल्लु, खरेडोल, ललितपुरको धार्मिक भ्रमण राष्ट्रवादी नागरिक संरक्षण अक्षय कोष र नेवाः राष्ट्रिय समाज, पाटन, ललितपुरको संयुक्त आयोजनामा सम्पन्न भएको छ।

आजभन्दा ठिक ८ वर्षअघि उत्खनन भएकी शक्ति स्वरुपा देवीको फोटो मोवाइलबाट देखाइसकेपछि यसबारे विज्ञ, विशेषज्ञ र विभिन्न संघसंस्थाको पहलमा मन्दिर परिसरसम्म धार्मिक कार्यक्रम गरी त्यस स्थानको प्रचार प्रसार गर्दै आइरहेको छ। प्रतिष्ठा समितिका अध्यक्ष मान बहादुर स्याङ्तानले हालको मन्दिरले चर्चेको हातामा भौतिक संरचना निर्माण गर्न चार आना जग्गा पास गरेर दिने विश्वास दिलाउँदै आफ्नो बैनी नानु माता र आफूले गड्यौली माई उत्पत्ती हुनु अघि सेतो टाटे पाटे ठुलो नाग खरेडोलमा फेला पारेको यहाँ ठुलै शक्ति छ भन्ने कुरा र देवताहरूको भेला समेत यहाँ हुन्छ भन्ने कुराको अनुभूती आफूले पाएको छु भन्नु भयो।

टीका भैरवको दर्शन गर्दै अत्यास लाग्दो बसको यात्रा जोखिम मोलेर कष्टप्रद रूपले करिब ४५ मिनेटको बाटो छिचोलेर विभिन्न अवरोधहरूलाई पन्छाउँदै मन्दिर प्रांगणमा पुग्दा सबै भक्तहरूले सन्तोषको सास फेर्दै पूजाआजा र प्रार्थनामा एकत्रित भएका थिए।

आगामी दिनमा शिलामा विराजित गड्यौली माईमा पञ्चधातुले निर्मित मूर्ती प्रतिस्थापन र धर्म अनुयायीहरूको व्यापक उपस्थितिमा हिन्दू अधिराज्य नेपालमा धर्म, संस्कृतिको योगदानबारे व्यापक छलफल गराउने सोचाई प्रतिष्ठा समितिको छ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get something = केही पाउनु Where did you get that dictionary तिमीले त्यो शब्दकोष कहाँ पायौ ?

Get the medal = तक्मा पाउनु He got the gold medal in the 1000 meters उसले हजार मिटर दौडमा स्वर्ण पदक पायो।

Get something = लाग्नु This room does not get sunshine यो कोठामा घाम लाग्दैन ?

Get a shock = मुर्छित हुनु She got almost a shock when she saw the telephone bill टेलिफोनको बिल देखेर तिनी झण्डै मुर्छित भइन्।

Get a better look = राम्ररी देख्नु She opened wide the window to get a better look of the snowcaps हिमचुलीहरुको राम्रो दृश्य देखियोस् भनी तिनले पुरै झ्याल खोलिन्।

Get sleep = निन्द्रा आउनु He took medicines to get some sleep केही निन्द्रा आओस् भनेर उसले औषधि खायो ।

Get exercise = अभ्यास गर्नु His body structure proves that he gets some physical exercise everyday उसको शरीरको बनौट हेर्दा ऊ हरेक दिन शारीरिक अभ्यास गर्छ भन्ने कुरा प्रमाणित हुन्छ।

Get a job = जागिर पाउनु It is not easy to get a job in civil service सरकारी सेवामा जागिर पाउनु त्यति सजिलो छैन।

Get a present = उपहार दिनु For your father's birthday you should get a present तिम्रो बुबाको जन्मदिनको लागि तिमीले उपहार दिनुपर्छ ?

Get a doctor = चिकित्सक पाउनु People of remote areas do not get a doctor of their choice दुर्गम क्षेत्रका जनताले भनेजस्तो चिकित्सक पाउँदैनन्।

## सुडोकु-अंक १४३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | ४ | ३ | | ८ | ६ |
| ४ | | | ५ | | ६ | | | |
| | | | | | ९ | | | |
| ९ | ६ | २ | | | | | ३ | |
| १ | | | | | | | | ९ |
| | ५ | | | | | २ | ७ | ८ |
| | | | ३ | | | | | |
| | | | ६ | | ५ | | | ४ |
| ६ | ३ | | ७ | १ | | | | २ |

## अंक १४२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ९ | ८ | ७ | २ | ४ | ५ | ६ | १ |
| १ | ५ | ६ | ८ | ९ | ३ | २ | ७ | ४ |
| २ | ४ | ७ | ५ | ६ | १ | ३ | ८ | ९ |
| ४ | ६ | ३ | ९ | ७ | २ | १ | ५ | ८ |
| ५ | १ | २ | ४ | ३ | ८ | ७ | ९ | ६ |
| ७ | ८ | ९ | १ | ५ | ६ | ४ | २ | ३ |
| ८ | २ | ४ | ६ | १ | ५ | ९ | ३ | ७ |
| ६ | ७ | ५ | ३ | ४ | ९ | ८ | १ | २ |
| ९ | ३ | १ | २ | ८ | ७ | ६ | ४ | ५ |

# यसरी उदायो सामाजिक बजार अर्थतन्त्र

**सुधा कार्ले**

दोस्रो विश्व युद्धको अन्त्यसँगै विश्व दुई ध्रुवमा विभाजित भयो । अमेरिकाले नेतृत्व गरेको एउटा पुँजीवादी ध्रुव थियो भने अर्को सोभियत संघले नेतृत्व गरेको समाजवादी ध्रुव । यसैको कारण देशहरु पनि विखण्डन हुन पुगेका थिए । जस्तो जर्मनी पूर्व र पश्चिम गरी दुई देश, कोरिया उत्तर र दक्षिण गरी दुई देश, भियतनाम उत्तर र दक्षिण गरी दुई देश । यी दुवै खेमामा जान नचाहने अति गरिब र विकासोन्मुख देशहरुले असंलग्न भनी तेस्रो विश्व खडा गरेका थिए ।

जर्मनीको हकमा पश्चिम जर्मनी र पश्चिम बर्लिन बेलायत, फ्रान्स र अमेरिकाका सेनाद्वारा नियन्त्रित र पूर्व जर्मनी र पूर्वी बर्लिन सोभियत संघका सेनाद्वारा नियन्त्रित गरी दुई भिन्न देश बन्न पुगेको थियो । त्यसै गरी राजनीतिक व्यवस्था पनि पूर्व जर्मनीको अर्थतन्त्र समाजवादी हुन पुग्यो । तर आश्चर्यको विषय पश्चिम जर्मनीको अर्थतन्त्र पुरै पुजीवादी नभै सामाजिक बजार अर्थतन्त्र बन्न पुग्यो ।

पश्चिम जर्मनीले पुरै पुँजीवादी अर्थब्यवस्था नअपनाई सामाजिक बजार अर्थतन्त्र अपनाई ठूलो आर्थिक विकास र समृद्धि हासिल गरेको कारणले गर्दा होला विखण्डनको ४४ वर्षपछि पूर्व जर्मनी पश्चिममा गई विलय भई जर्मनीको एकिकरण हुन पुग्यो । त्यस एकिकरणलाई न अमेरिका न सोभियत संघ कसैले रोक्न सकेनन र बर्लिनको पर्खाल भत्किनुले जर्मनीको मात्रै एकिकरण गरेन बल्की सोभियत संघ भन्ने देश भूगोलबाट हरायो अनि त्यससँगै पूर्व युरोपेली देशमा रहेको समाजवादी राजनीतिक र अर्थब्यवस्था गर्ल्याम गुर्लुम भयो । यसको एउटै कारण पश्चिम जर्मनीले अपनाएको सामाजिक बजार अर्थतन्त्रको सफल प्रयोग थियो ।

यस आर्थिक विचारधाराका प्रतिपादक नेता कोनराड आडेनावर थिए । उनी दोस्रो विश्व युद्धपछि विभाजित हुन पुगेको पश्चिम जर्मनीका प्रथम प्रधानमन्त्री (चान्सलर) थिए । उनको क्रिश्चियन डेमोक्राटिक युनियन (CDU) नामक दक्षिण पन्थी दलले यो विचारधारा प्रतिपादन गरेको भए तापनि जर्मनीको समाजवादी दल र त्यसका नेता विली ब्रान्ड्टले पनि यस विचारधारालाई आफ्नो प्रधानमन्त्रित्वकालमा आन्तरिक रुपमा सुधार गरी अझै ब्यवस्थित बनाउन ठूलो योगदान गरे । यसैकारण यो सामाजिक बजार अर्थतन्त्रको विचारधारा जर्मन राष्ट्रवाद जस्तै जर्मनीका राजनीतिक दलहरुबीच विवादको विषय कहिले पनि भएन ।



Konrad Adenauer



Willy Brandt

**के हो त सामाजिक बजार अर्थतन्त्र भनेको ?**

यो सामाजिक बजार अर्थतन्त्र पश्चिम जर्मनीले लागु गरेको आर्थिक कार्यक्रम थियो । यस विचार धारालाई Freiburg School of Thought पनि भन्निन्छ । यो विचारधारा पुँजीवाद र समाजवाद पछिको तेस्रो विचारधाराको रुपमा जर्मनीमा शुरुवात भई विकसित हुन पुग्यो । यस आर्थिक विचार धाराले एकातर्फ पुँजीवादी आर्थिक विचारधाराको स्वतन्त्र बजार अर्थतन्त्र Laissez-faire लाई पनि अँगाल्छ जसअनुरुप उद्योग र व्यवसायमा निजी क्षेत्रको संलग्नतालाई प्रधानता दिन्छ भने अर्कोतर्फ समाजवादी अर्थतन्त्रमा आधारित राज्यको संलग्नतामा मात्रै संचालन हुने उद्योग र व्यवसायहरु किटान गरी त्यहाँ निजी क्षेत्रलाई निषेध गरिदिन्छ । यस्ता उद्योग र व्यवसायलाई राज्यले जनतालाई दिनुपर्ने अत्यावश्यक सेवा भनिन्छ जस्मा १) शान्ति सुरक्षा, २) शिक्षा स्वास्थ्य, ३) यातायात संचार, ४) खानेपानी ढल निकास ५) ऊर्जा र ६) खाद्य सुरक्षा पर्न जान्छ ।

सामाजिक बजार अर्थतन्त्रले संघीय सरकारको भूमिकालाई वित्तीय सन्तुलनमा (Finanz Ausgleich) मात्रै सिमित गरिदिन्छ । त्यसको अर्थ सरकारले प्रगतिशिल कर व्यवस्था लागु गर्छ जसनुरुप उत्पादन र सेवाको बिक्रि गरी कमाउनमा कुनै बन्देज लगाउँदैन तर जति बढी कमायो त्यति नै बढी प्रतिशतमा व्यक्ति, व्यवसायिक संस्था, उद्योग, स्थानीय सरकारहरुले प्रगतिशिल कर बुझाउनुपर्छ र यसै कारण संघीय सरकारको पोल्टामा धनराशि थुप्रन जान्छ भने त्यस्तो धनराशिलाई माथि भनिएको वित्तीय सन्तुलन (Finanz Ausgleich) को नीति अनुरुप कमजोर व्यक्ति, बालक, अपांग वृद्ध, असहाय महिला, बेरोजगार अनि कमजोर स्थानीय सरकार, प्रदेश सरकारमा लगानी गरी उनीहरुको सामाजिक आर्थिक स्थितिलाई सवल बनाउने कार्य गरिन्छ ।

उत्पादन, श्रम, माग र आपूर्तिको आधारमा मूल्य निर्धारण र त्यसको लागि आवश्यक योजना र सोको कार्यान्वयन गर्ने कार्य राज्यले पुरै निजी क्षेत्रको जिम्मामा दिन्छ भने विद्यालय, अस्पताल, राष्ट्रिय ध्वजावाहक विमान सेवा, संघीय रेल, संघीय राजमार्ग, संघीय टेलिफोन, रेडियो टेलिभिजन, हुलाक, अनि सबै अत्यावश्यक सेवा प्रदान गर्ने जिम्मा पुरै राज्यले लिन्छ । यसको लागि आवश्यक पर्ने मौद्रिक, ऋण प्रवाह, भन्सार, आयात निर्यात, लगानी र सामाजिक सुरक्षा जस्ता नीतिहरु बनाउने र सोको कार्यान्वयन संघीय, प्रदेश तथा स्थानीय सरकारबाट गराउने जिम्मा पनि राज्यले आफैं लिन्छ ।

सामाजिक बजार अर्थतन्त्रमा नागरिक नजिकको प्रशासनमा (Buergernahe) आधारित संघीय शासन ब्यवस्था हुन्छ जहाँ स्थानीय सरकारहरु नै संघीय सरकारका प्रतिनिधि हुन्छन् । उनीहरुलाई आफ्नो क्षेत्रमा स्रोतको पहिचान, पहिचान भएको स्रोतमाथि कर लगाउने अधिकार, त्यसरी लगाई उठेको कर परिचालन गरी विकास गर्ने अधिकार र त्यसरी भएको विकासलाई दिगो रुपमा संचालन गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिएको हुन्छ ।

तर केकस्ता करबाट उठेको रकमको के कति प्रतिशत संघीय सरकारको भागमा, के कति प्रतिशत प्रदेश सरकारको भागमा, के कति प्रतिशत स्थानीय सरकारको भागमा पर्छ भन्ने कुरा संघीय वित्तीय सन्तुलन कानुनले नै निर्धारण गरेको हुन्छ । त्यसै गरी जनताले नियमित रुपमा र मर्दा पर्दा राज्यबाट पाउने सम्पूर्ण सेवा सुविधाहरु आफ्नै वडामा रहेको स्थानीय सरकारबाट प्राप्त गर्दछन जस्मा जन्म मृत्यु दर्ता, परिचय पत्र, राहदानी नागरिकता, विवाह वा पारपाचुके दर्ता, शिक्षा, स्वास्थ्य, वृद्धाश्रम बालबालिका दिवा स्यहार र रोजगार जस्ता सेवाहरु पर्दछन् ।

सामाजिक बजार अर्थतन्त्रको सवल पक्ष भनेको राज्यलाई सामाजिक लोककल्याणकारी बनाउने भएको हुँदा राज्यले तोकेको भन्दा कम आय गर्ने वर्गहरु करमुक्त रहन्छन र उनीहरुको जीवनयापनलाई आर्थिक रुपमा सवल बनाउनेतर्फ सरकारको कार्यहरु केन्द्रित हुन्छन भने बेस्सरी कमाउने वर्गले आफ्नो आयको ८० प्रतिशतसम्म आयकर बुझाउनुपर्ने हुँदा सामाजिक बजार अर्थतन्त्रले धनी र गरिबबीचको खाडललाई धेरै साँघुरो बनाएको छ ।


सामाजिक बजार अर्थतन्त्रमा कुनै पनि वर्ग आर्थिक रुपमा शोषणमा पर्न नपरोस् भनी काम गर्ने मजदुरहरुलाई ट्रेड युनियनमा संगठित गरी उनीहरुको माग (Collective Bargaining) बमोजिम राज्यले उनीहरुको ज्याला, सुविधा, काम गर्दा हुने दुर्घटनाबाट बच्ने (Occupational Safety) उपाय र साधन निश्चित गरिदिएको हुन्छ । त्यसले गर्दा सबै वर्गले श्रम बराबरको ज्याला, तलब र सुविधा प्राप्त गर्दछन । यही कारण केहीले सामाजिक बजार अर्थतन्त्रलाई Social Capitalism अर्थात सामाजिक पुँजीवाद पनि भन्ने गर्दछन ।

यही सामाजिक बजार अर्थतन्त्र (Social Maket Economy) अहिले पछिल्लो अवस्थामा आएर पर्यावरण मैत्री सामाजिक बजार अर्थतन्त्र (Eco-Social Maket Economy) मा रुपान्तरण भएको छ । जर्मनीको राजनीति हरियाली पार्टीको प्रवेश र वर्चश्वसँगै यो रुपान्तरण हुन गएको हो जसनुसार अहिले जर्मनीमा धमाधम आणविक भट्टीहरु बन्द हुँदै हावाले चल्ने मिलहरु स्थापना हुँदै गइरहेका छन । यसलाई हरियो ऊर्जा Green Energy भनिएको छ र यसको विकास पनि राज्यले आफ्नै जिम्मामा लिएको छ ।

जर्मनीका केही स्थानीय सरकार हरुले त जनताको घरको छाना किन्ने र त्यो छानामा सौर्य ऊर्जा निशुल्क जडान गरिदिने र त्यसबाट प्राप्त हुने ऊर्जालाई त्यो घरको प्रयोगको लागि छुट्याइ बाँकी ऊर्जा राष्ट्रिय प्रसारण (Grid) मा लगेर जोडने कानुन बनाई अभियान पनि शुरु गरेका छन् । सक्नेले आफैं गर्ने नसक्नेलाई राज्यले सघाउने मर्मबाट प्रतिपादित जर्मनीको यो सामाजिक बजार अर्थतन्त्रले जर्मनीको एकिकरण मात्रै गरेन बल्की पूर्व जर्मनीको आर्थिक अवस्थालाई ३ दशकमा नै पश्चिमी जर्मनीको हाराहारीमा ल्याई सिंगो जर्मनीलाई युरोपेली संघभित्र एक सवल राष्ट्रको रुपमा उभ्याएकै कारण जर्मनीको पुरै युरोपेली आयोगका देशहरुमा लगानी र सहयोग ब्यापक बढ्न गई यो देश आफैंमा एक लोककल्याणकारी राज्यको उदाहरण बन्न पुगेको छ ।









**दाँते सोसाइटी नेपाल**

नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।

फोन : ९८५१०२३६७०, ४४४१८१२

**Office Equipment Problems?**

Get your solution today!

CrossWeb Office Automation Pvt. Ltd.

sales - service - support

happy to help

Same day service including:

:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.

Our qualified technicians guarantee all of our work and parts.

Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# आज नेपाल-भारत भिड्दै

विराटनगर । महिला साफ च्याम्पियनसिप फुटबलको फाइनलमा नेपाल-भारत आज भिड्दै छन् । दुवै टोलीले बुधबार भएको सेमिफाइनलमा आआफ्ना प्रतिद्वन्द्वीलाई पराजित गर्दै फाइनलमा प्रवेश गरेका हुन् । बुधबार भएको पहिलो सेमिफाइनलमा नेपाल श्रीलंकामाथि ४-० को फराकिलो जित निकाल्दै फाइनलमा पुग्न सफल भयो । नेपालको फराकिलो जितमा पुनम जर्घा मगर, अनिता बस्नेत, सावित्रा भण्डारी (साम्वा) र रेखा पौडेलले गोल गरेका थिए ।

विराटनगरस्थित सहिद रंगशालामा खेलको सुरुवातदेखि नै श्रीलंकामाथि दबाब सिर्जना गरे पनि नेपालले पहिलो गोलका लागि ४२ औं मिनेट कुर्नुपरेको थियो । पहिलो हाफको अन्त्यतिर पुनम जर्घा मगरले गोल गरेपछि नेपालले अग्रता लिएको थियो । गीता रानाको फ्रि किकमा नीरु थापाले दिएको एक्रोब्याटिक पासमा सावित्रा भण्डारीको हेडरले पोस्टको दिशा लिन नसक्दा पुनमले ६ यार्ड बक्सभित्रबाट गोल गरेकी हुन् । उनको यो पहिलो अन्तर्राष्ट्रिय गोल हो ।



'पहिलो हाफमा स्कोर ननिस्किए पनि दोस्रो हाफमा रणनीति सफल भयो । सबै खेलाडीले मिहिनेतका साथ खेले,' प्रशिक्षक खड्काले खेलपछि भने, 'पहिलो हाफमा तामेल नमिल्दा बढी हतासिएको जस्तो देखियो । तर, दोस्रो हाफमा खेलाडीले रणनीतिअनुसार खेल्न सफल भए । श्रीलंकाको बलियो रक्षापंक्तिलाई तोड्न सफल भयौं ।' प्रशिक्षक खड्काले सेमिफाइनलमा यतिको गोलअन्तरमा जित हात पार्नु राम्रो भएको अब फाइनलमा पनि यही नतिजालाई निरन्तर दिँदै उपाधि जित्ने बताए । श्रीलंकाका प्रशिक्षक गोलम रोब्बानी छोटनले टोलीको प्रदर्शनमा सुरुवातदेखि नै दबाबमा परेर खेल्दा हार भोग्नुपरेको बताए ।

डिफेन्डर पुनम जर्घा मगरले राष्ट्रिय टोलीका लागि पहिलो गोल गरेकी छिन् । उनले २२ अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाउँदा श्रीलंकाविरुद्धको खेलमा गोल गर्न सफल भएकी हुन् । सेन्टर डिफेन्डर पुनमले सन् २०१४ को साफ च्याम्पियनसिपमा पहिलोपटक राष्ट्रिय टोलीको जर्सी लगाएकी थिइन् । त्यसयता नियमित रूपमा पहिलो रोजाइमा खेल्दै आएकी पुनमले जारी प्रतियोगिताको पहिलो खेलमा बेन्चमा रहेकी थिइन् । विभागीय टोली त्रिभुवन आर्मी क्लबबाट घरेलु फुटबल खेल्दै आएकी २५ वर्षीय पुनम महिला फुटबलको उर्वर भूमि मानिने रौतहटकी हुन् । यस्तै, युवा फरवार्ड रेखा पौडेलले पनि श्रीलंकाविरुद्धको खेलमै पहिलो अन्तर्राष्ट्रिय गोल गर्न सफल भइन् । सुनसरीका १७ वर्षीय रेखाले तेस्रो अन्तर ाष्ट्रिय सहभागितामा गोल गर्न सफल भएकी हुन् । कीर्तिमानतिर सावित्रा राष्ट्रिय टोलीकी महत्वपूर्ण सदस्य सावित्रा भण्डारी (साम्वा) ले अन्तर्राष्ट्रिय गोल गर्ने जमुना गुरुङसँगको कीर्तिमानलाई बराबरी गरेका छन् । २२ वर्षीया सावित्राले बुधबार श्रीलंकाविरुद्धको खेलमा एक गोल गर्दै जमुना गुरुङसँगको गोलसँग बराबरी गरेकी हुन् । यससँगै उनी नेपाली महिला राष्ट्रिय टोलीबाट सर्वाधिक गोल गर्नेमा जमुनासँगै दोस्रो स्थानमा उभिएकी छिन् ।

राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरूले नै विद्युत खपतको लागि मितव्ययिता गर्ने कदमहरू चालु राखी सर्वसाधारणलाई सुसूचित गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## अजितले...

३०.३२ सेकेन्डमा दौड पूरा गरेका थिए । राजविराज नगरपालिका १२ मा घर भएका यादव २०७१ सालमा शिक्षा दिवसका अवसरमा आयोजित ५ किलोमिटर दौडमा तेस्रो भएर ५ हजार रुपैयाँ जितेपछि लगातार दौड प्रतियोगितामा भाग लिँदै आएका छन् । यादवको सफलतालाई प्रोत्साहन गर्न दुई नम्बर प्रदेश सरकारले ५ लाख पुरस्कार दिने भएको छ भने राजविराज नगरपालिकाले पनि रु.१ लाख एक हजार दिने भएको छ । एथलेटिक्स क्षेत्रमा अहिलेसम्मकै ठूलो सफलता प्राप्त गर्दा पनि केन्द्रीय सरकार र खेलकुद मन्त्रीले यादवलाई बधाई दिन भेट्न कुनै चासो नदिएकोमा उनका पिता पवनकुमार यादवले गुनासो गरेका छन् ।

## क्षेत्रीय...

जर्मन प्राज्ञिक आदानप्रदान सेवाले स्वीकृति दिएको छ । ढकालका अनुसार यस कार्यलाई तुरुन्त अघि बढाउन आगामी ६ महिनाभित्र यस क्षेत्रको कुनै एक देशमा सम्मेलन गरी दुई वर्षे रणनीतिक योजना तयार गर्ने प्रस्ताव जर्मन प्राज्ञिक आदानप्रदान सेवालाई प्रस्तुत गर्ने र त्यस कार्य आफ्नै अगुवाइमा नेपालमै गर्ने प्रयास हुने ढकालले बताउनुभयो । हाल ५२ देशमा जर्मनीबाट डक्टरेट वा स्नातकोत्तर अध्ययन पूरा गरेका हजारभन्दा बढी प्राज्ञहरु रहेका छन् ।

## सरकार...

टावर ध्वस्त बनाउनु एनसेललाई राजस्व तिर्न बाध्य बनाउनुका अतिरिक्त मोटो रकम चन्दा असुल्ने उपाय समेत हो भनेर बुझ्न सकिन्छ । एनसेलले राजस्व नै नतिरी अरबौं लाभांश विदेश लगिरहेको छ । राष्ट्र लुट्ने एनसेललाई सबक सिकाउनु राम्रो पक्ष भए पनि सर्वसाधारण नै असुरक्षित हुने गरी टावर पड्काउनु खराब पक्ष हो । दशवर्षे माओवादी द्वन्द्वकालमा जस्ता आपराधिक घटना विप्लव समूहले घटाएको छैन ।

२०५२ साल फागुन १ गते सुरु गरिएको कथित जनयुद्धका सुप्रिम कमाण्डर थिए सत्तारुढ दल (नेकपा) का अध्यक्ष प्रचण्ड । यिनको नेतृत्वमा भएको जनयुद्धमा जस्तो जघन्य मानव अधिकार हननका घटनाहरु सायदै विश्वका कुनै युद्धमा भएका होलान् । कक्षा कोठामा पढाउँदै गरेका शिक्षकलाई रुखमा झुण्ड्याएर मारियो, किरियामा बसेका किरियापुत्रीलाई उनकै जहान परिवारअघि आँगनमा लडाएर हलाहल गरियो, भर्खर एसएलसी दिएका किशोरलाई खेदी खदी हतियारले हानेर लडाइयो । संस्कृत विद्यालयमा डकैत शैलीमा पसेर माओवादीहरुले गुरु शिष्यहरुको टुपी काटिदिए, किसानका दुहुनो गाई जंगलमा लगेर काटेर भोजन गरियो । भाटे कारबाही त कुरै छोडौं, यस्ता आङ नै जिरिङ पार्ने राक्षसी कृत्य के विप्लव नेकपाले गरेको छ ?

यस्ता जघन्य अपराध गराउने मुख्य नाइके प्रचण्डलाई राज्यले कुनै कारबाही गर्न सकेन । यिनको नेतृत्वको द्वन्द्वमा १७ हजार मानिसहरु मारिए । सयौं अंगभंग भए । दर्जनौं व्यक्तिहरु बेपत्ता पारिए । राणाकालदेखिका अरबौंका भौतिक संरचनाहरु ध्वस्त पारिए । शिविरमा रहेका लडाकुका नामका अरबौं रकम प्रचण्डले पचाए । अख्तियारले समेत उनलाई छुन सकेको छैन । ज्यादति र हिंसाका बलमा प्रचण्ड राजनीतिमा आए, उचाई लिए । सम्मानित भए । उनले कतै दण्डित हुनु परेन । नेपालका राजनीतिक दलहरु हिंसाबाटै सत्तामा पुग्ने गरेको इतिहास छ । जेठो दल नेपाली कांग्रेसले पनि हतियार उठाएको थियो, बम पड्काएको थियो, जहाज अपहरण गरेको थियो । 'जमिनदारका टाउको काट' झापा आन्दोलनका नेतामध्येका एक हुन् वर्तमान प्रधानमन्त्री ओली । यही अभियोगमा उनी १४ वर्ष बन्दी बनाइए । तीन वर्ष गोलघरमा राखिए । एमालेको राजनीतिक पृष्ठभूमि पनि रक्तरञ्जित छ । तर अहिले झापा आन्दोलनको जस्तो हिंसा विप्लव समूहले गरेको छैन । मान्छेको टाउको काटेको त छैन नि । पञ्चायतले राजनीतिक दलमाथि प्रतिबन्ध लगाएको थियो । गणतान्त्रिक भनिने सरकारले त्यही पञ्चायती शैली अवलम्बन गर्नु कति सुहाउने कुरा हो ? विप्लव समूहप्रति पञ्चायती शासकझैँ हिंस्रक भएर किन खनिँदैछन् प्रधानमन्त्री ओली ? प्रचण्ड, ओलीले विगतमा नौलो जनवादका लागि खुनखराबा मच्चाएका थिए देशमा । विप्लव माओवादीले वैज्ञानिक समाजवादका लागि भन्दै शान्तिपूर्ण संघर्ष गर्दै थियो । त्यसलाई भड्काएर सरकारले जबरजस्त हिंसात्मक बनाउँदैछ ।

विप्लव समूहमाथिको प्रतिबन्धले 'समृद्ध नेपाल सुखी नेपाली' को सरकारी सस्तो लोकप्रिय नारा अब नारामै मात्र सीमित हुने निश्चित छ । विगतको माओवादी युद्धले देशलाई पाँच दशकपछि धकेल्यो । अब राज्यपक्ष र विप्लव समूहको मुठभेडले विकास र निर्माणका कामहरु सुस्ताउँदै जानेछ । बल्ल शान्तिको सास फेर्न पाएका नेपाली जनता फेरि अशान्तिको भयले आक्रान्त बन्दैछन् । जनसत्तालाई कर तिर्न विप्लव समूह स्थानीय निकायलाई बाध्य पार्दैछ । यदि भने जति कर नतिरे स्थानीय सत्ताका जनप्रतिनिधिहरुले सके भौतिक कारबाही व्यहोर्नु पर्ला नभए पनि गाउँ त अवश्य छोड्नुपर्छ । स्थानीय बहुसंख्यक जनप्रतिनिधिहरु सत्तारुढ दल नेकपाकै छन् । उनीहरुलाई विप्लव समूहले गाउँबाट लखेटेर सदरमुकाममा केन्द्रित गरेपछि स्थानीय विकास र निर्माणका कामहरु ठप्प हुनेछन् ।

सिंहदरबारको अधिकार गाउँमा भन्दै सिंहदरबारको भ्रष्टाचार गाउँमा पुगेको छ । निर्वाचित जनप्रतिनिधिहरु जनताको भन्दा आफ्नै स्वार्थका लागि सक्रिय छन् । नयाँ गाडी, मोटरसाइकल र मोबाइल मोहले जनप्रतिनिधिहरु जनताप्रति गैरउत्तरदायी बनेका छन् । करको मारले जनतामा संघीयताप्रति नै वितृष्णा बढ्दै गएको छ । संघीय सरकार नै भष्टाचारमा बदनाम भइरहेको छ । प्रधानमन्त्री ओली सेना परिचालन समेत आफैंले गर्ने विधेयक ल्याएर लुई चौधौं बन्न खोज्दैछन् । रेल र पानी जहाजका सपना बाँड्छन् उनी तर काठमाडौं धुलमाण्डौं, फोहोरमाण्डौंबाट जोगाउने प्राथमिकतामा छैन उनको । ग्रामीण जनता मात्र होइन, मध्यमवर्गीय र धनाढ्य वर्गसमेत सरकारसँग रुष्ट छ । यसबाट विप्लव समूहले राजनीतिक नाफा लिनेमा कुनै शंका छैन ।

माओवादीले जनयुद्ध थाल्दा कांग्रेस सरकारप्रति जुन असन्तुष्टि जनतामा थियो, अहिले त्यस्तै अवस्था छ । गणतन्त्र र संघीयताले देश र जनताको कायापलट हुने भ्रम जनमानसबाट उठिसकेको छ । एउटा राज्यका ठाउँमा सयौं छोटा नवराजाहरुको अभ्युदय भएको छ । नेकपाका नेता र कार्यकर्ताहरुलाई मात्र चैन छ, अरुलाई ऐन । हिजोका माओवादी सर्वहारावादीहरु अहिले नेकपा भएर राजषी ठाँटमा हिँडिरहेका छन् । सत्ताबाट बाहिर गरिएका तिनै थुप्रै माओवादीहरु हुन् विप्लव समूह ।

जनमुक्ति सेनाको संरचना उही छ । हतियार तिनै छन् । शिविरबाट चन्द समूहले हतियार लगेको खुलासा भइसकेको छ । फरक यत्ति हो । विगतमा माओवादीको नेतृत्व प्रचण्डले गरेका थिए, अहिले विप्लवले । प्रचण्डले नौलो जनवाद भनेका थिए र युद्धलाई जनयुद्ध नाम दिएका थिए । विप्लवले संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद भनेका छन् । अनि जनयुद्ध नभनी एकीकृत जनक्रान्ति भनेका छन् । विप्लव समूहमाथिको प्रतिबन्ध र दमन समस्याको समाधान हुन सक्दैन । दुई चार जना विप्लवका कार्यकर्तालाई घुँडामुनि गोली हानेर पक्रँदैमा विद्रोह दमन हुँदैन । देश टुक्र्याउन खोज्ने देशद्रोही सिके राउतलाई सरकार हाई हाई गर्छ तर भारतीय उपनिवेशवादको विरोध गर्ने अखण्ड नेपालको पक्षपाती देशभक्त राजनीतिक शक्ति विप्लव समूहलाई 'बाई बाई' गरेर किनारा लगाउँछ । दमनले राजनीतिक विद्रोह समाप्त गर्ने सरकारको फुजिमोरी रणनीति भुत्ते सावित हुने निश्चित छ । विप्लव न त गोन्जालो हुन् न त प्रभाकरण । गोन्जालोलाई झैं बन्दी बनाएर वा सेनाद्वारा प्रभाकरणझैं मराएर अकण्टक सत्ता चलाउने ओली-प्रचण्ड मनसुवामाथि नेपाली सेनाले तातो भुतभुते खन्याउँदै वार्ताद्वारा समस्या समाधान गर्न सुझाइसकेको छ ।

## आयात...

रुपमा घटेको केन्द्रको तथ्यांक छ ।

### घाटाको व्यापार

सात महिनामा नेपालको कुल व्यापार २२.७ प्रतिशतले बढेर ८ खर्ब ८६ अर्ब ३५ करोड रुपैयाँ पुगेको छ । अघिल्लो आवको ७ महिनामा नेपालले ४७ अर्ब २९ करोड रुपैयाँ निर्यात गरेको थियो । कुल व्यापारमा आयातको हिस्सा ९४ प्रतिशत र निर्यात हिस्सा ६ प्रतिशत रहेको छ । निर्यातको तुलनामा आयात उच्च हुँदा नेपालको व्यापारघाटा ७ खर्ब ८० अर्ब १९ करोड पुगेको छ । सात महिनाको व्यापारघाटा अघिल्लो आवको सोही अवधिको तुलनामा २४.३ प्रतिशतले बढी हो ।

### बढेन निर्यात

सात महिनाको तथ्यांकले प्राथमिकता प्राप्त वस्तुको निर्यात बढ्न नसकेको देखाएको छ । समीक्षा अवधिमा नेपाल एकीकरण व्यापार रणनीति (एनटिआइएस) मा परेका वस्तुको निर्यात २१ अर्ब ५२ करोड रुपैयाँ पुगेको छ । यो अघिल्लो आवको सोही अवधिको तुलनामा ०.१ प्रतिशतले मात्रै बढी हो । एनटिआइएसमा समावेश ९ वस्तुमध्ये ४ वटाको निर्यात घटेको छ । केन्द्रका अनुसार एनटिआईएस परेको अलैंची, अदुवा, जुत्ता चप्पल र छालाको निर्यात घटेको हो । गलैंचा, पस्मिना कपडा तथा धागो, आयुर्वेदिक औषधि र चियाको निर्यात भने बढेको छ ।

यात्रा संस्मरण/खोमदत्त बराल

# मथुरा वृन्दावन यात्रा-४

जवान केटाकेटीहरुको जोडी भने रहर लाग्दो पाराले देख्न पाइने हासीं खुसीमा रमेका कलेज विद्यार्थीहरु होलान् । राम्ररी हासी खेली बसेका । कुरा र छलफलमा ब्यस्त । कोही कोही भने अली गम्भीर पाराले गफ गर्ने र कोही हल्का खिसी ट्युसी गर्ने । हासी ठट्टा मजाक यहि क्रममा पक्तिकारले बिगत सम्म फर्कन प्रयास गऱ्यो । जीबनका क्षणहरु कत्ति मजाक, कत्ति वास्तबिक, कत्ति क्षणिक मजामा बित्छ । यो यस्ता रोमाञ्चित कुराहरुमा केही क्षण हराउँदा केही रमाइला केही दुःखका क्षणहरु सिनेमाका पर्दामा झैं नाच्न पुगे बिस्तारै आफ्ना यथार्थमा फर्कदा फर्कदै टुंगोमा आइ पुगियो । नयाँ दिल्ली चादनी चोक हुदैं राजीब गांदी अस्पतालसम्म करिब १५/१७ किलोमिटर होला । मानिस उत्रने चढ्ने मेट्रो चेञ्ज गर्ने तलमाथी मेट्रो खोज्दै दौडने गर्दा पनी एक घण्टामा यत्रो बाटो तय गरीयो । हरिद्धार गएको बेलामा गंगा किनारा देखि मनसा देबी सम्म उडन खटोला Ropeway भन्ने बुझिएको थियो । नया दिल्लीमा भने उपरिगामी सेतु Fly over briaze भन्ने जान्न पाइयो । अग्रेंजी सासन कालमा राखिएका नामहरुलाई हिन्दीमा रुपान्तरण गर्ने प्रयासमा निकै कठिन र सर्बसाधारण जनताले बुझ्न नसक्ने शब्दहरु पनि प्रयोग भएका छन् । जन जीब्रोको भाषामा अभ्यस्त गर्न गराउँन निकै कठिन पनि पर्न सक्छ । तर आफ्ना भाषाका शब्दावली समायोजन गरिनु बेसै हुन्छ । शब्दभण्डार बढ्छ । काठमाण्डौंबाट दिल्ली आइपुग्न एक घण्टा बीस मिनेट लाग्यो । झन्डै एक घण्टा जती काम अध्यागमनको Clearance का लागि लाग्यो । सामान लिन पनि केही समय लाग्यो । हवाइजहाजबाट उत्रेर पनि अध्यागमन कार्यक्रम सम्म पुग्नलाई कम्तिमा दुई किलोमिटर जती भित्रै हिड्नु पर्दो रहेछ । कार्पेट ओछ्याए जस्तो रमणीय वाताबरण एयरकुलरले चिसो बनाएको परिबेस । इलेक्ट्रोनिक शक्तिले बाटो काट्न सहज बनाएको ठाउँ । निश्चय पनि इन्दिरा गांधी हवाई मैदान दश बर्ष अघिको बैकक र फाङ्ककोर्टको भन्दा पनि राम्रो लाग्यो । उमाजी भन्दै हुनुहुन्थ्यो दुई बर्ष अगाडि भन्दा धेरै राम्रो र ब्यबस्थीत भएको कुरा बताउँदै हुनुहुन्थ्यो । मिरा दिदी र प्रदिप दाइ त केही दिन अघि मात्र काठमाण्डौं फिर्नु भएकाले केही कमेन्ट गर्नु भएन । तर मलाई त धेरै राम्रो र अति आधुनिक हवाई मैदान र भित्र ब्यबस्थापन पनि धेरै राम्रो लाग्यो । अध्यागमनको फर्म भरेर कर्मचारिले सबै नागरिकता प्रमाण पत्र र पासफोर्टहरु पनि हेरे । एउटा कर्मचारिलाई खासै थाहा रहेनछ । अर्को चाहीं अलि अनुभबि भएकाले पासफोर्टको समय समाप्त भैसकेको भए पनि यसै पासफोर्टको कारण यात्रा गर्ने अधिकार नभएकाले ओडिन्टरीकार्ड का रुपमा लिन सकिन्छ भनेर सायोलाई बताई दियो । पासफोर्टमा म्याद सकिदैंमा केही हुदैंन । सार्क मुलुकका मानिसका लागि पासफोर्ट आबश्यकता नपर्ने कुरा पनि बताइ दिए । यी सबै अफिसियल काम सकेपछि ट्याक्सी खोजीयो । यहाँ नया दिल्लीमा प्रिपेड ट्याक्सी ब्यबस्था रहेछ । त्यही एयरपोर्टमा नै ट्याक्सी पैसा तिरेर ट्याक्सी लिएर राजीब गान्धी क्यान्सर अस्पताल नजिकको होटलमा बसिएको छ । घरमा फ्यान र एयर कुलर सम्म भएकोले गर्मीको खासै गाह्रो परेन । राती राम्ररी सुत्न सकियो । आएर भात पकाएर खाएर सुत्दा ११ बजिसकेको थियो, आनन्दले नै सुतियो । दुई तीन वटा घर भएका मानिससँग प्रदिप दाईको सम्बन्ध भएको रहेछ । काठमाण्डौंबाट नै कोठाको ब्यबस्था मिलाएको रहेछ । बस्नलाई गाह्रो भएन । भाडा भने निकै महंगो दिनको पाँच, छ सय धेरै होइन त ? एयरपोर्टमा आइ पुग्दा पुग्दै ३९ डिग्री सेल्सीयस पुगेको बताएको थियो । तातो निकै तातो । एयरपोर्ट एरियाबाँट बाहिर निस्कीदा साथ आगोको रापले राम्रै गरी गाभेको जस्तो भयो । वरिपरि सखवाको मुढा जोरेर बालेको आगोको राप झैं चारैतिर हरक्क बलेको झैं छ । घरमा आइसकेपछि मिलाएको वातानुकूइलित संयन्त्र र यन्त्रहरुको फजनबाट निरन्तरताको दावाग्नीले केही क्रम भंग गरेर सहन सक्ने अबस्था सिर्जना गरियो । तर बिहान पछि ठूलो बसको रोहिणी देखी समयसम्मको यात्रामा खासै गर्मी महसुस गर्नु परेन । करिब साडे आठ बजेको समयमा ठुलो बस छोडेर अटो रिक्सा चढे पछि भने रिक्साको खुला ठाउँ र सडकको तातो राप सिधै आखा र अनुहारमा पर्दा भने ज्यादै गर्मिले सतायो । जति जति दिन छिप्पीदै जान्छ उति उति गर्मिले च्याप्दै लान्छ । आजको यात्रा अलि बढि अटो रिक्सासँग हित मित लगाइयो । यसैले गर्मीको मायाममता पनि मन नपर्दा नपर्दै सहनु पऱ्यो । यात्रा सकियो यति बेला कोठामानै बसिएको छ ।

*(समाप्त)*

## नागरिकता ऐन...

ऐंन-२०६३ को संशोधन विधेयकका राष्ट्रिय हित विपरितका केही प्रावधानहरूलाई नेकपा (माले) कडा विरोध गर्दछ । २०४६ साल चैत मसान्तभित्र नेपालमा जन्मी यहीं वसोवास गर्ने आधारमा जन्मसिद्ध नेपाली नागरिकता प्राप्त गर्नेहरूका सन्तानहरूले मूलतः त्यसप्रकार वितरित भएका नागरिकता प्रमाण पत्रहरूको न्यायिक छानविन नगरीकनै वंशजको नेपाली नागरिकता पाउनु पर्ने, पतिको पहिचान नभएका नेपाली नागरिक महिलाका सन्तानले कुनै मापदण्ड विना वंशजको नेपाली नागरिकता पाउनु पर्ने, नेपाली नागरिकता कायम राख्तै विदेशीसँग विवाह गर्ने नेपाली महिलाका सन्तानले आमाको नामबाट वंशजको नागरिकता पाउनु पर्ने र नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले नेपाल प्रवेश गर्ना साथ अंगीकृत नेपाली नागरिकता पाउनु पर्ने जस्ता राष्ट्रिय हित विपरितका गलत मागहरूलाई नागरिकता ऐंनमा समेट्ने हो भने त्यसबाट नेपालको सहजै फिजीकरण मात्र नभई सिक्किमिकरण समेत हुन सक्तछ । अतः सरकारले संसदमा विचाराधिन रहेको नागरिकता संशोधन विधेयकलाई अविलम्व फिर्ता लिई विशेषज्ञ र जनस्तरसम्म व्यापक छलफल चलाउँदै उपरोक्त माग सम्बन्धमा राष्ट्रिय हित अनुकुलका प्रावधानहरू ऐंनमा राखोस् भनी नेकपा (माले) सरकारसँग जोडदार माग गर्दछ । बैठकले राष्ट्रघाती नागरिकता संशोधन विधेयकका विरुद्ध नेकपा (माले) सहित सात दल र समूहद्वारा आयोजना गरिने सबै कार्यक्रमहरूलाई सफल बनाउन सिङ्गो पार्टी पङ्तिलाई निर्देशन दिने निर्णय र जनता समक्ष हार्दिक अपील गरेको छ ।

(२) बर्तमान प्रधानमन्त्री केपी ओलीले विभिन्न मन्त्रालय अन्तर्गतका १८ वटा विभागलाई प्रधानमन्त्री कार्यालय मातहत राखी शक्ति-केन्द्रिकरण गर्न थालेको परिप्रेक्ष्यमा सैन्य परिचालनको अधिकार समेत एकलौटी रुपमा प्रधानमन्त्रीको हातमा ल्याउने कोशिस शुरु गरेका छन् । नेकपा (माले) सेना परिचालनमा राष्ट्रिय सुरक्षा समिति र राष्ट्रपतिको भूमिकालाई न्यूनिकरण गर्दै शुरु गरिएको प्रधानमन्त्रीको यस प्रयत्नको दृढ विरोध गर्दछ । स्मरण रहोस् यो प्रयत्न सफल भएमा जनतामाथि निरंकुशतन्त्र र सैनिक शासन समेत थोपरिन सक्तछ, जसले आन्तरिक द्वन्द बढाई विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूलाई यहाँ हस्तक्षेप तीब्र बनाउदै नेपाललाई असफल राष्ट्रमा परिणत गर्ने खतरा बढ्नेछ ।

(३) संयुक्त राज्य अमेरिकाको विदेश मन्त्रालयले 'मिलेनियम च्यालेन्ज कर्पोरेसन'को कोष अन्तर्गत नेपाललाई दिने भनिएको करिब नेरु. ५६ अर्वको अनुदान सहयोग राशीमा शर्त जोडिएका छन् भन्दै हाल नेपाल सरकारलाई पठाएको पत्रप्रति हाम्रो ध्यानाकर्षण भएको छ । पञ्चशीलका सिद्धान्त, असंङ्लग्नता, राष्ट्रसंघको वडापत्र, भूराजनीतिक सम्वेदनशीलता र राष्ट्रिय हित रक्षाका आधारमा नेपालको विदेश नीति संचालित हुनुपर्दछ र बिभिन्न समयमा गठित नेपालका सरकारहरूले यस अनुसार कार्य संचालन नगर्दा जनताबाट व्यापक र सशक्त बिरोध समेत हुँदै आइरहेको छ । वर्तमान समयमा पनि नेपालको यस नीतिलाई दुष्प्रभावित पार्दै शर्त जोडेर दिइने कुनै पनि विदेशी सहयोग र ऋण नेपालको निम्ति स्वीकार्य हुनुहुँदैन भनी यो बैठक ओली सरकारको ध्यान गंभीरतापूर्वक आकर्षित गर्न चाहन्छ । नेपाल सरकारका काम र विदेश नीति समेतलाई आपत्तिजनक नठानी वा राम्रो मानी कुनै मुलुकले नेपाललाई अनुदान दिने घोषणा गर्नु सकारात्मक कुरा हो । तर केही समय पछि त्यसलाई अमुक शर्तहरूसँग जोड्नु आपत्तिजनक हो । वर्तमान सरकारले त्यस्ता शर्तहरूलाई घुमाएर समर्थन गर्नु आपत्तिजनक छ, जसप्रति नेकपा (माले) को दृढ विरोध छ ।'

## नेपाल न चौकिदार...

लागि हुने उडानहरू कहिलेदेखि आन्तरिक उडान भए ? कहिलेदेखि तपाईंहरूले नेपाललाई भारतमा समेटिसक्नुभयो ?

नेपाल एउटा स्वतन्त्र मुलुक हो, जहाँको छुट्टै संविधान, प्रधानमन्त्री, संसद् र सेना छ । तर, एउटा स्वतन्त्र मुलुकबाट अर्को स्वतन्त्र मुलुकमा आइरहेको उडानलाई विमानकी कर्मचारीले यसरी आन्तरिक उडानका रूपमा लिइरहेकी थिइन्, जसरी आम आदमी पार्टीकी विधायक अलका लाम्बालाई लाग्छ कि 'चौकीदार त हामी नेपालबाट मगाउन सक्छौं ।'

नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तैनाथ अध्यागमनका एक अधिकारी शायद त्यस्तै भारतीयको सामना गरिरहेका होलान् जसले ममाथि कटाक्ष गरे, 'तपाईंको मुलुक ठूलो छ र तपाईंको जुंगा पनि ठूलै छ ।'

उनले सायद भन्न खोजेका होलान्, जसरी तिमीहरूको मुलुक ठूलो छ, त्यसैगरी तिमीहरूको अहंकार पनि ठूलै छ । नेपालीहरूलाई साँच्चै लाग्छ कि भारत ठूलो छ । त्यसैकारणले भारतीयहरूको अहंकार पनि ठूलै छ ।

भारतीयहरूलाई कैयौंपटक यो कुरा महसुस हुँदैन कि उनीहरूले नेपालबारे जे भनिरहेका हुन्छन् ती कुरा नेपालीले मन पराइरहेका हुँदैनन् । तर, भारतीयहरूको प्रश्न हुने गर्छ ( हामी त नेपाललाई आफ्नै ठान्छौं तर पनि के समस्या छ ?

काठमाडौं पुग्नेबित्तिकै मैले पनि उत्तर भारतीय शैलीमा त्यहाँका साथीहरूलाई भनें, नेपाल आफ्नो घरजस्तै लाग्छ । कुरा खस्न नपाउँदै एक नेपाली साथीले भने, 'तपाईंका प्रधानमन्त्री मोदीले पनि यस्तै भन्छन् ।'

अनि मैले सम्झें प्रधानमन्त्री बनेपछि नरेन्द्र मोदीको पहिलो नेपाल भ्रमणका क्रममा नेपाली नागरिकले सडकछेउबाट हात मिलाउँदै उनको स्वागत गरेका थिए । तर तिनै नेपालीहरू अहिले मोदीको नाम आउनासाथ किन अनेकौं प्रश्न गर्न थाल्छन् ?

लाम्बाले भनेका जस्ता वाक्यबाट नेपालीहरूलाई लाग्छ कि भारतीयहरूले नेपालको स्वतन्त्र अस्तित्वलाई स्वीकार्दैनन्, बरु नेपाललाई आफ्नो छत्रछायामा राख्न चाहन्छन् । नेपालीहरूलाई भारतको यस्तो माया कहिल्यै मन पर्दैन, बरु उनीहरूलाई त्यसमा 'सांस्कृतिक विस्तारवाद'को गन्ध आउँछ ।

तीन महिनासम्म काठमाडौंमा बसेर काम गर्दा र कैयौं सहर अनि गाउँहरू डुल्ने क्रममा मैले कैयौंपटक यस्ता प्रश्नको सामना गर्नुपऱ्यो । बसमा, पसलमा, होटलमा, सडकमा कुराकानी गरिरहेका कैयौंले पटक पटक मलाई एउटै प्रश्न गरे - मोदीले हामीलाई रगतको आँसु किन रुवाए ?

नेपालका मानिसहरू खासगरी पहाडी क्षेत्रमा बस्नेहरू सन् २०१५ का ती दिनलाई बिर्सेका छैनन् जतिवेला मोदी सरकारले नेपालमा 'अघोषित आर्थिक नाकाबन्दी' गरेका थिए र मानिसहरूले पेट्रोल, डिजल, ग्यासजस्ता वस्तुका लागि तड्पिरहेका थिए । कैयौं नेपालीहरू आफ्ना कार र मोटरसाइकललाई घरमै छाडेर साइकल किन्न बाध्य हुनुपरेको थियो । तर, नेपालमाथि नाकाबन्दी गरिएको त्यो पहिलोपटक थिएन, त्यसअघि राजीव गान्धीले पनि गरेका थिए ।

नेपालको मकवानपुर जिल्लाको चित्लाङबाट विद्यार्थीहरूलाई लिएर पोखरा पुगेका एक प्राध्यापकले मलाई सोधे- नाकाबन्दी गरेर मोदीले हामीलाई जानाजान चीनतर्फ धकेलिरहेका हुन् ? र, मैले के जवाफ दिन सक्थें ?

*(जोशी बीबीसी हिन्दी रेडियोका सम्पादक हुनुहुन्छ)*

## कहिलेसम्म...

विरोध गर्न सकेन । भारतीय सीमा सुरक्षा बलले बेलौरी नगरपालिका १ निवासी मानबहादुर सुनुवारको १६ वर्ष अघिदेखि नै लालपुर्जा भएको जमिन अतिक्रमण गरेको छ । सुनुवारलाई आफ्नै जमिनमा खेतीपाती गर्न दिइएको छैन । पुनर्वास नगरपालिका वडा नं. ४ को जंगेपिलर भारतीयले उखेलेर फालिदिएका छन् । उक्त सीमाबारे बारम्बार विवाद चलिरहे पनि समाधान निस्किएको छैन । अहिले भारतीय सीमा सुरक्षा बलले पुनर्वास नगरपालिका ११ वडाको भारतीय सीमामा पर्खाल लगाउने काम गरिरहेको छ । दशगजा क्षेत्रमा कुनै पनि संरचना निर्माण गर्न नपाउने भए तापनि भारतले धमाधम निर्माण गरिरहेको छ ।

भारतले पश्चिम महाकालीदेखि पूर्व फालेलुङसम्म सिमानामा रहेका जंगेपिलर भत्काउने, नेपाली सीमातर्फ सार्ने काम गरिरहेको छ । भारतले नेपाली भूमि डुबानमा पार्ने गरी सीमा क्षेत्रमा बाँध बाँध्ने, बाटो खन्ने काम निरन्तर गरिरहेको छ । सीमा क्षेत्रका जनताले विरोध गर्दा सीमा सुरक्षा बलले नेपाली जनतामाथि बुट लाठी गोली बर्साउने गरेको छ । सप्तरीको तिलाठीमा देवनारायण यादवको टाउको फुटाएको उदाहरण ताजै छ । नेपाल-भारतबीच देखिएका समस्या समाधान गर्ने उद्देश्यले दुवै देशका विज्ञहरु सम्मिलित प्रबुद्ध समूहले दिएको प्रतिवेदन समेत भारतले नबुझी नेपाली भूमि मिच्ने र नेपालीलाई थिचोमिचो गर्ने कुरालाई निरन्तरता दिने भएको छ ।

## मेडिकल...

कलेजहरुबाट समेत उठाएनन् भन्न सकिँदैन । त्यसैगरी अख्तियारभित्र एक्ला पाठक पात्र घुस्याहा नभएर अरु पनि थुप्रै घुस्याहाहरु हुन सक्छन् । भ्रष्टाचारको पहिलो छानबिन अख्तियारभित्रैबाट सुरु गर्न आवश्यक छ ।

उता त्रिभुवन विश्वविद्यालयका बदनाम व्यक्ति उपकुलपति तीर्थ खनिया ठगी गर्ने मेडिकल कलेजहरुको संरक्षक रहेका छन् । च्याउसरी उम्रिएका मेडिकल कलेजभित्र भइरहेको ठगी काण्ड अविलम्ब छानबिन हुन आवश्यक छ ।

## भारतीय...

समस्या भइरहेको र कागजी प्रक्रियाबाट ट्याङ्कर छोड्नकै लागि पनि समय लाग्ने भारतीय भन्सारका कर्मचारीले बताएको नेपालगञ्ज भन्सार कार्यालयका भन्सार अधिकृत केसीले बताए ।

## वरिष्ठ...

प्रकाशन गर्नुभएको छ । राष्ट्रिय गुरु योगीनरहरिनाथसँग गोरक्षा तथा राष्ट्रियताका बारेमा उहाँले नजिक रहेर सहकार्य गर्नुभएको थियो । ढकाल यस पत्रिकाका प्रकाशक तथा सम्पादक सुरेन्द ढकालको पिता हुनुहुन्छ । समस्त ग्रेटर नेपाल परिवार उहाँको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछ ।

## कार्यपत्र...

थियो । उक्त कार्यपत्रमाथि नेकपा (नेकपा) का प्रमुख सचेतक देव गुरुङ, नेपाली कांग्रेसका केन्द्रीय सदस्य जीवन परियार, जनता दलका महासचिव केशव झा, संघीय समाजवादी फोरमका प्रमिला यादवले टिप्पणी गर्नुभएको थियो ।

उक्त कार्यपत्रमाथि टिप्पणी गर्दै नेकपा मालेका पोलिटब्यूरो सदस्य सुरेन्द्र ढकालले संविधान र कानुनमा व्यवस्था भएका कुरा लागू नहुनुको पछाडि नेताहरुबीच हुने स्वार्थको टकराव जिम्मेवार रहेको बताउनुभयो । राम्रो मान्छे हाम्रो नहुने अनि हाम्रो मान्छे मात्रै राम्रो हुने राजनीतिक संस्कारले गणतन्त्रलाई गाँजेको कारण संविधानमा भएका व्यवस्थाहरुको खिल्ली उडिरहेको ढकालले टिप्पणी गर्नुभयो ।

अर्को कारण भनेको संविधान बनिसक्दा पनि संविधानसँग बाझिने पुराना कानुनहरु कायमै भएको कारण पनि संविधान पूर्ण रुपमा कार्यान्वयनमा आउन नसकेको हो भन्ने उहाँले जिकिर गर्नुभयो । संविधानप्रदत्त हक र अधिकारको उपभोग गर्न सरकारलाई निरन्तर दबाब दिनुपर्ने र त्यसका लागि यस किसिमका अन्तरपार्टी संजालहरु कामयावी हुने बताउँदै महिलाहरुको हक र अधिकार स्थापित गर्ने कुरामा सबै दलमा रहेका महिला नेता तथा कार्यकर्ता एक भई एकै स्वर बुलन्द गर्नुपर्ने कुरा उहाँले बताउनुभयो ।